# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २७० | काठमाडौं | बिहीबार, १५ माघ २०८२ | Prabhab National Daily | Thursday, 29 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




मुस्ताङको लोमान्थाङ गाउँपालिका–४ नेचुङ भन्सार र कोरला नाका जाने सडकमा बुधबार परेको सेताम्मे हिउँ र आसपासका क्षेत्र । *तस्बिरः रासस*

प्रतिनिधिसभा सदस्य निर्वाचन

# चितवन–३: विकासको अनुभवी र परिवर्तनको आवाजबीच टक्कर

- रेणु दाहाल र सोविता गौतम चुनावी भिडन्तमा उत्रिँदा देशको ध्यान चितवन–३ ले खिच्यो
- रेणु विकसित र समृद्ध भरतपुर महानगर बनाएको भन्दै लोकप्रिय, सोविता अघिल्लो संसद्मा प्रखर अभिव्यक्तिकलाका कारण लोकप्रिय
- चर्चामा रेणु र सोविता भए पनि कांग्रेसका टेकबहादुर गुरूङ, एमालेका शंकर थपलिया र राप्रपाका दीपक थापा मगर पनि दाबेदार

■ **जेबी योञ्जन**

**काठमाडौं–** आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा चितवन–३ देशकै सबैभन्दा चासोको निर्वाचन क्षेत्रमध्ये एक बनेको छ । नेकपा नेत्री तथा भरतपुर महानगरपालिकाकी निवर्तमान मेयर रेणु दाहाल र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की प्रभावशाली पूर्वसांसद सोविता गौतम चुनावी प्रतिस्पर्धामा उत्रिएपछि यो क्षेत्र यतिबेला स्पष्ट रूपमा 'हट सिट' भएको छ ।





रेणु दुई कार्यकाल भरतपुर महानगरपालिकाको मेयर भइसकेकी अनुभवी नेत्री हुन् । भरतपुरमा उनले अघि सारेको विकास मोडल, पूर्वाधार विस्तार र सहरी व्यवस्थापनका कारण उनी सफल मेयरको उदाहरणका रूपमा प्रस्तुत हुँदै आएकी छन् । उनका समर्थकहरू भन्छन्, 'रेणु बोली होइन, कामले चिनिएकी नेत्री हुन् ।'

क्रमशः पृष्ठ २ मा

जनताले काम हेर्छन् । मैले भरतपुरमा विकास गरेर देखाएकी छु । कामकै आधारमा जनताले मलाई जिताउँछन् ।

■ **रेणु दाहाल**
नेकपा उम्मेदवार

रास्वपाको जनाधार कति बलियो छ भन्ने अघिल्लोपटकमै देखिएको हो । देशैभरि परिवर्तनको लहर छ, यहाँ पनि त्यसको असर पर्छ ।

■ **सोविता गौतम**
रास्वपा उम्मेदवार

चर्चा अरूको भए पनि जित कांग्रेसकै हुन्छ । म यहाँ पार्टीको विरासत फर्काउँछु, यो कांग्रेसको जनाधार क्षेत्र हो ।

■ **टेकप्रसाद गुरुङ**
कांग्रेस उम्मेदवार

नलिञ्चोक हेलिपोर्ट भ्रष्टाचार प्रकरण

# विशेषको आदेशविरूद्ध सर्वोच्च पुग्यो अख्तियार

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** भक्तपुरको नलिञ्चोकमा रहेको हेलिपोर्ट निर्माणका क्रममा भएको भ्रष्टाचार मुद्दामा विशेष अदालतको आदेशप्रति असन्तुष्ट अख्तियार दुरूपयोग अनुसन्धान आयोग सर्वोच्च अदालतमा पुगेको छ । विशेषले मुद्दाका प्रतिवादीहरूलाई निकै कम धरौटीमा छाडेको भन्दै अख्तियार बुधबार सर्वोच्च गएको हो ।

अख्तियारले गत मंसिर १७ गते नलिञ्चोक हेलिपोर्ट निर्माणका क्रममा १३ करोड ५७ लाख ४६ हजार २१३ भ्रष्टाचार भएको भन्दै नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन कर्मचारी, इञ्जिनियर र निर्माण व्यवसायीसहित छ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । यो प्रकरणका मुख्य खेलाडी प्राधिकरणमा तत्कालीन महानिर्देशक प्रदीप अधिकारी पुर्पक्षका लागि थुनामा छन् ।

तर प्रतिवादीहरू प्राधिकरणका पूर्वनिर्देशक मुरारी भण्डारीलाई मंसिर २१ गते नै पाँच लाख धरौटीमा छाड्न विशेषले आदेश दिएको थियो । यता तत्कालीन उपप्रबन्धक नलविक्रम थापालाई माघ १० गते दुई लाख ५० हजार धरौटीमा छाडेको थियो । भण्डारी र थापालाई धरौटीमा छाडिएको विषय बेरीतको देखिएको भन्दै अख्तियारले सर्वोच्चमा मुद्दा दायर गरेको हो ।

'विशेष अदालत काठमाडौंबाट मुरारी भण्डारीलाई जम्मा पाँच लाख धरौटी लिई मिति मंसिर २१ गते र प्रतिवादी नलविक्रम थापालाई मिति माघ १२ गते जम्मा दुई लाख ५० हजार धरौटी लिई मुद्दाको पुर्पक्ष गर्ने गरी थुनछेक आदेश भएकोमा उक्त आदेशहरू निम्न लिखित आधार र कारणबाट बेरीतको देखिँदा प्रतिवादीहरू तत्कालीन निर्देशक भण्डारी र उपप्रबन्धक थापालाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित सर्वोच्च अदालतसमक्ष निवेदनपत्र दर्ता गरिएको छ,' आयोगको निवेदनमा भनिएको छ ।

- विशेष अदालत काठमाडौंले प्राधिकरणका पूर्वनिर्देशक मुरारी भण्डारीलाई पाँच लाख धरौटीमा र पूर्वउपप्रबन्ध नलविक्रम थापालाई दुई लाख ५० हजार धरौटीमा छाडेको थियो
- यसरी धरौटीमा छाडेको विषय बेरीतको देखिएको भन्दै अख्तियार सर्वोच्चमा
- पुर्पक्षको क्रममा थुनामा राखी मुद्दाको कारबाही हुनुपर्नेमा प्रतिवादी भण्डारी र थापा उपर मागदाबी गरिएको बिगो तथा हुन सक्ने सजायको तुलनामा अत्यन्त सामान्य धरौटी माग गरी विशेष अदालतबाट भएको उक्त आदेश त्रुटिपूर्ण देखिएको अख्तियारको दाबी

आयोगले दायर गरेको मुद्दा विशेषगरी प्रमाण नष्ट गर्नसक्ने खतरा रहेको वा थप बिगो खुलेका कारण दर्ता भएको बताइएको छ । 'पुर्पक्षको क्रममा थुनामा राखी मुद्दाको कारबाही हुनुपर्नेमा प्रतिवादी भण्डारी र थापा उपर मागदाबी गरिएको बिगो तथा हुन सक्ने सजायको तुलनामा अत्यन्त सामान्य धरौटी माग गरी भएको विशेष अदालतको उक्त आदेश बेरीतको भई त्रुटिपूर्ण देखिएको,' अख्तियारका प्रवक्ता सागर न्यौपानेले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

भण्डारीले हेलिपोर्ट निर्माणका क्रममा वातावरणीय प्रभावको मूल्यांकन–इआइएसमेत नगरेको र नेपाल सरकारको पूर्वस्वीकृतिसमेत नलिएको देखिन्छ । भण्डारीले हेलिपोर्ट निर्माणका लागि २०७८ मंसिरमै टिप्पणी पेस गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# पुलिस रिपोर्ट प्रमाणीकरणले युएई रोजगारीमा झमेला

■ पैसा र समय खर्च भएको श्रमिकको गुनासो ■ समाधान ननिकाले युएई रोजगारी बन्द गर्ने व्यवसायीको चेतावनी



श्रमिकमाथि थोपरिएको यो अनावश्यक आर्थिक भार, अपमानजनक र अव्यावहारिक व्यवस्था तुरून्त हटाउन नेपाल सरकारले गम्भीर कूटनीतिक पहल गर्नुपर्छ । अन्यथा, श्रमिकको हित र राष्ट्रिय स्वाभिमानको रक्षा गर्न युएई रोजगारी बन्द गर्नेतर्फ नेपाल वैदेशिक रोजगार व्यवसायी संघ अघि बढ्नुपर्ने हुन सक्छ ।

■ **महेशकुमार बस्नेत**
महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

■ **ममता थापा**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई) जाने तयारी गरिरहेकी उदयपुरकी प्रियंका



सिंहले गत पुस २८ गते छायाँ सेन्टरबाट पुलिस रिपोर्ट प्रमाणीकरण गरिन् । उनले यसका लागि काउन्सेलरमा ५०० र छायाँ सेन्टरमा १४ हजार ३०० रूपैयाँ बुझाइन् । आर्थिक अवस्था कमजोर भएकाहरूलाई यो नियमले मारमा पारेको उनको भनाइ छ । यसले पैसा र समय दुवै खर्च भएको सिंहले बताइन् ।

'प्रामाणीकरणका लागि करिब १५ हजार लाग्यो । हामीजस्तो मध्यम वर्गीय परिवारबाट आएकाहरूलाई गाह्रो हुन्छ नि ! समस्या भएरै विदेश पैसा कमाउन जान लागेको हो तर यहाँ एक्स्ट्रा पैसा तिर्न परिरहेको छ । यो बन्द होस् भन्ने लागेको छ,' उनले भनिन्, 'पुलिस रिपोर्टका लागि अनि मोफाका लागिसमेत गरेर १५ दिनजति लाग्यो । पहिला १५–२० दिनमा त विदेश नै पुगिसक्थे । अहिले एप्लाई गर्न पनि सुरु गरेको छैन ।'

त्यस्तै रौतहटका सुवोध राय यादव पनि युएई जाने तयारीमा छन् । पुलिस रिपोर्ट प्रमाणीकरणका लागि उनले १४ हजार ७०० रूपैयाँ तिरेको बताए । आफ्नो समय र पैसा खर्च भएकाले यो प्रणाली हटाउनपर्ने उनले बताए ।

'पुलिस रिपोर्ट लिन नौ दिन र छायाँ सेन्टरबाट प्रमाणीकरण गराउन ११ दिनजति लाग्यो । यो त तत्कालै रोक्नुपर्छ,' रायले भने, 'हामीजस्तोले धेरैले दुःख पाइसक्यौं । एकातिर पैसा पनि हुँदैन, अर्कोतिर विदेश जाने काम पनि १५–२० दिन ढिला हुने भयो ।'

गत भदौ २२ र २३ को जेन–जी आन्दोलनपछि युएईको रोजगारी खुलेयता त्यहाँ जाने श्रमिकहरूलाई पुलिस रिपोर्ट प्रमाणीकरण अनिवार्य गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

रोकिएन आचारसंहिता उल्लंघन

# आयोग स्पष्टीकरण सोधेको सोध्यै

- खगेन्द्र सुनार, डा. सिके राउत, शोभा पाठक, महेश बस्नेतलगायतलाई आयोगले सोध्यो स्पष्टीकरण
- निर्वाचन आचारसंहिता उल्लंघनका घटना न्यूनीकरण भएन







■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरूसँगै सार्वजनिक निकाय र निजी क्षेत्रमाथि एकपछि अर्को स्पष्टीकरण सोधेको छ । निष्पक्ष, भयरहित र विश्वसनीय निर्वाचनका लागि आयोगले आचारसंहिता पालनामा कडाइ गर्दै लगेको छ ।

बुधबारमात्रै बाँके क्षेत्र नम्बर–३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका खगेन्द्र सुनारलाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ । सुनारले गाईको विषयलाई लिएर साम्प्रदायिक विद्वेष फैलाउनेगरी अभिव्यक्ति दिएको भनेर आयोगमा उजुरी परेको हो । सुनारलाई तीन दिनभित्र स्पष्टीकरण दिन भनिएको आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले बताइन् ।

जनमत पार्टीका अध्यक्ष सिके राउतलाई आयोगले स्पष्टीकरण सोधेको छ । राउत सप्तरी–२ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार छन् । राउतले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनेर उजुरी परेपछि आयोगले स्पष्टीकरण सोधेको हो । सप्तरी निर्वाचन क्षेत्र नम्बर–२ का सार्वजनिक स्थानमा आफ्नो निर्वाचन चिह्न र झण्डाको तोरण बनाई प्रदर्शन गरेको भनेर राउतविरुद्ध आयोगमा उजुरी परेको हो । सोही कारण आयोगले राउतलाई स्पष्टीकरण सोधेको हो ।

नेपाल जनसेवा पार्टीकी प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार जानुका पाठक (शोभा पाठक)लाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ञ) र (ण) अनुसार निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ ।

क्रमशः पृष्ठ २ मा

## उल्लंघनकर्तालाई के हुन्छ कारबाही ?

आचारसंहिताविपरीत निर्वाचनमा गतिविधि गरेको पाइएमा दण्ड सजाय गर्ने आयोगले जनाएको छ । आयोगले यसपालि आचारसंहितामै निर्वाचन कसुर सजाय ऐन उल्लेख गरी त्यसबमोजिम कारबाही गर्ने व्यवस्था गरेको हो ।

'कसैले यो आचारसंहिता उल्लंघन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम एक लाख रूपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्ने छ,' आचारसंहितामा भनिएको छ, 'उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानुनबमोजिम निर्वाचन कसुर मानिने कार्यको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही गर्न बाधा पर्ने छैन ।'

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## चितवन-३ :...

उता, सोविता विघटित प्रतिनिधिसभामा प्रखर अभिव्यक्ति र मुद्दामुखी प्रस्तुतिका कारण चर्चित रहिन् । २०७९ मा काठमाडौं-२ बाट निर्वाचित भएकी उनी यसपटक चितवन-३ झरेकी छन् । रास्वपाको बढ्दो जनआधार र वैकल्पिक राजनीतिको एजेण्डाले उनलाई बलियो चुनौतीका रूपमा उभ्याएको छ ।

चितवन-३ मा भरतपुर महानगरपालिकाका २९ मध्ये १९ वडा पर्छन् भने माडी नगरपालिका पनि यही क्षेत्रमा समेटिएको छ । माडी माओवादीको प्रभाव रहेको क्षेत्र मानिन्छ, यद्यपि हालका मेयर एमालेबाट निर्वाचित छन् । यस क्षेत्रका वडाहरूमा कांग्रेस, एमाले र तत्कालीन माओवादीको मिश्रित प्रभाव देखिन्छ ।

२०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उपाध्यक्ष विक्रम पाण्डेले ३५ हजार ६० मतसहित जित निकालेका थिए । कांग्रेस संस्थापनको समर्थन पाएका माओवादी केन्द्रका भोजराज अधिकारीले २५ हजार ८२४ मत पाए भने रास्वपाकी जिता बरालले १४ हजार ८४३ मत प्राप्त गरेकी थिइन् ।

तर, समानुपातिकतर्फको परिणामले चितवन-३ को वास्तविक जनमत फरक ढंगले देखायो । रास्वपाले २८ हजार ४०१ मतसहित पहिलो स्थान हासिल गर्‍यो । प्रत्यक्षमा अग्रस्थानमा रहेको राप्रपा भने समानुपातिकमा १६ हजार ७५५ मतमै सीमित रह्यो । माओवादी केन्द्रले १६ हजार ९०, एमालेले १४ हजार ५२२ र कांग्रेसले १० हजार ५२४ मत पाउँदै पाँचौं स्थानमा चित्त बुझाउनुपर्‍यो ।

नेकपा उम्मेदवार रेणुले प्रभावसँग भनिन्, 'जनताले काम हेर्छन् । मैले भरतपुरमा विकास गरेर देखाएकी छु। कामकै आधारमा जनताले मलाई जिताउँछन् ।'

रास्वपाकी सोविता भने अघिल्लो निर्वाचनमै पार्टी समानुपातिकमा पहिलो भएको स्मरण गराउँदै भन्छिन्, 'रास्वपाको जनाधार कति बलियो छ भन्ने अघिल्लोपटकमै देखिएको हो । देशैभरि परिवर्तनको लहर छ, यहाँ पनि त्यसको असर पर्छ । चुनाव जित्नेमा ढुक्क छु ।'

कांग्रेस उम्मेदवार टेकप्रसाद गुरुङ पनि जितप्रति आशावादी छन् । उनले कांग्रेसको विरासत फर्काउने दाबी गरे । 'चर्चा अरूको भए पनि जित कांग्रेसकै हुन्छ । म यहाँ पार्टीको विरासत फर्काउँछु, यो कांग्रेसको जनाधार क्षेत्र हो,' उनले भने ।

एमालेले शंकर थपलिया र राप्रपाले दीपक थापा मगरलाई उम्मेदवार बनाएका छन् । अन्य दलका पनि उम्मेदवार छन् । तर, चितवन-३ मा यसपटक विकासको अनुभव बोकेकी रेणु र परिवर्तनको आवाज बनेकी सोविताबीच मुख्य प्रतिस्पर्धा हुन सक्ने आकलन भइरहेको छ । अन्य दलका उम्मेदवारहरू पनि गणनामा छन्, तर चुनावी बहसको केन्द्रमा यी दुई नै छन् ।

यद्यपि, चितवन-३ स्थिर जनमत नभएको क्षेत्रका रूपमा चिनिन्छ । २०७४ मा एमालेको समर्थनमा तत्कालीन नेकपा माओवादी केन्द्रका उम्मेदवार पुष्पकमल दाहाल ४८ हजार २७६ मतसहित विजयी भएका थिए भने कांग्रेस समर्थित राप्रपाका विक्रम पाण्डेले ३८ हजार ९३५ मत पाएका थिए ।

२०६४ मा माओवादीका नारायणप्रसाद दाहाल विजयी भए, जो हाल राष्ट्रिय सभाका अध्यक्ष छन् । २०७० मा एमालेका कृष्णभक्त पोखरेल र २०५१ तथा २०५६ मा कांग्रेसका डा. गंगाधर लम्साल यहाँबाट निर्वाचित भएका थिए ।

२०६४ पछि कांग्रेसले यहाँ आफ्नो परम्परागत जनाधार फर्काउन सकेको छैन । बरु, माओवादी, राप्रपा, रास्वपा र एमालेले पालैपालो प्रभाव विस्तार गर्दै आएका छन् । राजनीतिक विश्लेषकहरूका अनुसार चितवन-३ का सहरी मतदाता 'हुरीसँग बहने' प्रवृत्तिका छन् । यस्तो प्रवृत्तिको मत चुनावी एजेण्डा र माहोल जता बलियो, त्यतै सर्ने गर्छ ।

त्यसो हुनाले रेणुले जितको विरासत जोगाउँछिन् कि सोविताले चितवन-३ बाट पहिलो जित निकाल्छिन् ? कि कुनै अप्रत्यासित नतिजा आउने छ ? यसको अन्तिम उत्तर २१ फागुनपछि मतगणनाले दिने छ ।

■■■

## विशेषको...

त्यतिबेला प्राधिकरण तत्कालीन महानिर्देशक राजकुमार क्षेत्रीले 'सम्भाव्य देखिएमामात्र प्रक्रिया अगाडि बढाउनेगरी स्वीकृत' भन्ने व्यहोरा उल्लेख गरी मिति २०७८ मंसिर ८ गते उक्त टिप्पणी स्वीकृत गरेका थिए । तर अधिकारीले सम्भाव्यताको अध्यय नै नगरेको खुलेको थियो ।

उनले तत्कालीन महानिर्देशक प्रेमनाथ ठाकुरलाई समेत जानकारी नै नदिई सोही वर्षको मंसिर २२ गते नलिञ्चोक हेलिपोर्टको डिपिआर तयार गर्नका आठ लाख दुई हजार ४४१ रूपैयाँसमेत तयार गरी आफैंले अन्तिम निर्णय गरेको खुलेको छ । 'उक्त तथ्य एवं प्रमाणहरूको विश्लेषण नगरी सो हेलिपोर्ट निर्माणको सुरु चरणदेखि नै बदनियतपूर्वक संलग्न रहेका भण्डारीलाई निजले प्राधिकरणलाई हानि नोक्सानी पुर्‍याएको मागदाबी गरिएको विगोको तुलनामा अत्यन्त न्यून पाँच लाख रूपैयाँ धरौटी वा जमानत माग गरी भएको आदेश बेरीतको भई त्रुटिपूर्ण देखिएको,' अख्तियारले भनेको छ ।

यसैगरी थापाको हकमा हेर्दा हेलिपोर्टको परामर्शदाता अभियन्त्र कल्सल्टिङ प्रालिबाट सम्झौताबमोजिमको विस्तृत अध्ययन प्रतिवेदन पेस नै नगरी हेलिपोर्ट निर्माणका लागि २०७८ चैत २८ गते टिप्पणी पेस गरेको देखिएको छ । थापा, भण्डारी र अधिकारीले आफ्नो जिम्मेवारीको दुरूपयोग गरी प्राधिकरणलाई १३ करोड ५७ लाख लाख रूपैयाँबराबर रकम हानि नोक्सानी पुर्‍याएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

'मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट स्थापित भइरहेको अवस्था देखिँदादेखिँदै सो प्रमाणको विवेचना नगरी केवल अन्तिम निर्णयकर्ताको रूपमा नभई तहगतरूपमा निर्णय गरेको आधार लिई निज उपर मागदाबी गरिएको विगोको तुलनामा अत्यन्त न्यून दुई लाख ५० हजार रूपैयाँमात्र धरौटी वा जमानत माग गरी भएको आदेश बेरीतको भई त्रुटिपूर्ण देखिएको,' अख्तियारले दायर गरेको मुद्दामा भनिएको छ ।

यो भ्रष्टाचार मुद्दामा प्राधिकरणका तत्कालीन महाप्रबन्धक अधिकारीलाई भने विशेष अदालतले गत मंसिर २१ गते पुर्पक्षका लागि थुनामा पठाएको छ । सम्भाव्यतासमेत अध्ययन नगरी नलिञ्चोकमा हेलिपोर्टको निर्माण गरिएको दाबीसहित अख्तियारले गत १७ मंसिरमा सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । प्रतिवादी रहेका परामर्शदाता गुरुदत्त अधिकारी साधारण तारेखमै रिहा भएका छन् । बुधबार विशेष अदालतमा उपस्थित भएका उनलाई न्यायाधीशहरू सुदर्शनदेव भट्ट, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले साधारण तारेखमा राख्ने आदेश दिएको हो । अधिकारीलाई आयोगले १३ करोड रूपैयाँ नै विगो दाबी गरी मुद्दा दायर गरेको थियो । भक्तपुरको सूर्यविनायक नगरपालिका-१० नलिञ्चोकमा ३२ रोपनी क्षेत्रफलमा बनेको हेलिपोर्ट २०८१ असार ७ गते उद्घाटन गरिएको हो । त्रिभुवन विमानस्थलको हवाइ चाप घटाउने योजनासहित उक्त हेलिपोर्ट बनाइएको थियो ।

■■■

## पुलिस रिपोर्ट...

यसका लागि नेपाल प्रहरीले जारी गरेको क्युआर कोडसहितको रिपोर्टलाई परराष्ट्र मन्त्रालयले प्रमाणित गरिसकेपछि पनि पुनः नेपालमै रहेको युएईको दूतावासले प्रमाणीकरण गर्छ । भिसा फेसिलेटेसन सर्भिस (भिएफएस) ग्लोबलमार्फत गरिने यस्तो प्रमाणीकरणका लागि श्रमिकहरूले १४ हजार २०० रूपैयाँ तिर्नपर्छ । उक्त रिपोर्टको अवधि तीन महिनामात्र हुन्छ । जसले गर्दा तीन महिनाभित्र काम नभए फेरि १४ हजार २०० रूपैयाँ तिरेर रिपोर्ट दिनुपर्ने अवस्था छ ।

श्रमिकहरू यति ठूलो समस्यामा पर्दा पनि सरकार मूकदर्शक बनेर बसेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले बताए । 'आफ्नै देशको सरकारी निकायले प्रमाणित गरेको कागजातलाई मान्यता दिन कूटनीतिक पहलसमेत गर्न नसक्नु एउटा सार्वभौम राष्ट्रका लागि चिन्ताजनक अवस्था हो । कूटनीतिक नियोग के गरेर बसेको छ ?,' उनले भने, 'यो सरकार यदि आफ्ना नागरिकको पक्षमा दृढतापूर्वक उभिन सक्दैन भने त्यो इतिहासकै कमजोर भूमिकाका रूपमा दर्ज हुने छ ।'

आफूहरूले सम्बन्धित निकायमा पटक-पटक जानकारी गराइसकेकाले अब समाधान चाहिएको महासचिव बस्नेतको भनाइ छ। श्रमिकको हितविपरीतको कार्य नरोकिए युएई रोजगारी बन्द गर्नेसम्मको स्थिति आउनसक्ने उनले चेतावनी दिए ।

'श्रमिकमाथि थोपरिएको यो अनावश्यक आर्थिक भार, अपमानजनक र अव्यावहारिक व्यवस्था तुरुन्त हटाउन नेपाल सरकारले गम्भीर कूटनीतिक पहल गर्नुपर्छ,' उनले भने, 'अन्यथा, श्रमिकको हित र राष्ट्रिय स्वाभिमानको रक्षा गर्न युएई रोजगारी बन्द गर्नेतर्फ नेपाल वैदेशिक रोजगार व्यवसायी संघ अघि बढ्नुपर्ने हुन सक्छ ।'

संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालयलगायतका निकायमा ध्यानाकर्षण गराइसकेको छ । परराष्ट्र मन्त्रालयका एक अधिकारीले युएईलाई पत्राचार गरिसके पनि उताबाट केही जवाफ नआएको बताए । 'नेपालबाट युएईलाई पत्राचार गरेको एक हप्ता जति भयो । उताबाट केही जवाफ आएको छैन,' उनले भने, 'नेपालस्थित युएई दूतावासका राजदूत पनि अहिले उतै हुनुहुन्छ । उहाँ आएपछि मन्त्रीज्यूले भेटेर कुरा राख्ने तयारी छ । त्यसपछि केही आउला ।'

नेपालीहरूको प्रमुख रोजगार गन्तव्य युएई जाने कामदारको संख्या यही झण्झटिलो नियमका कारण घटेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा धेरै दुई लाख ७४ हजार ५९० जना रोजगारीका लागि युएई गएका थिए । जसअनुसार त्यस वर्ष प्रत्येक महिना औसतमा २० हजारभन्दा बढी कामदार युएई गएको पाइन्छ । तर जेन-जी आन्दोलनयताको तथ्यांक हेर्दा गएको मंसिरमा नौ हजार ३८२ र पुसमा १० हजार ५०८ जनामात्र युएई गएका छन् । यो संख्या संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो ।

■■■

## आयोग...

नेकपा एमालेका उम्मेदवार महेश बस्नेतले बालेनलाई 'छाउरा' भनेर अपमानजनक अभिव्यक्ति प्रयोग गरेको विषयमा पनि आयोगले स्पष्टीकरण सोधेको छ । स्वास्थ्य स्वयंसेवक संघले अनुमति नलिई आचारसंहिता लागू भएपछि अधिवेशन गरेको विषयमा पनि स्पष्टीकरण सोधेको छ ।

जनसेवा पार्टीका उम्मेदवार डा. निकोलस भुसाललाई पनि आयोगले स्पष्टीकरण सोधेको छ । तर, उनीबाट जवाफ आएको छैन । उनले हालै घृणाजनित शब्द प्रयोग गरेका थिए । भुसालले भन्दा अघि भावी प्रधानमन्त्रीका उम्मेदवार घोषित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह र श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङविरुद्ध आचारसंहिता उल्लंघन गरेको आरोपमा आयोगमा उजुरी परेको थियो । दुवै उम्मेदवारविरुद्ध भिन्नभिन्न प्रकृतिको आचारसंहिता उल्लंघनको आरोपमा सोमबार उजुरी पर्‍यो ।

बालेन झापा-५ र साम्पाङ सुनसरी-१ का उम्मेदवार हुन् । उजुरीमा बालेनले सामाजिक सञ्जालमार्फत दिएका अभिव्यक्तिहरू निर्वाचन आचारसंहिता, प्रचलित कानुन तथा लोकतान्त्रिक निर्वाचन प्रक्रियाको मर्मविपरीत रहेको दाबी गरिएको छ । निवेदक धर्मराज तिमिल्सिना हुन् । उजुरीमा बालेनले हालै नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको सन्दर्भमा दिएको टिप्पणीलाई लिएर आपत्ति जनाइएको छ ।

ओलीले हालै 'लाइभ डिबेट'को प्रस्ताव गरेका थिए । प्रत्युत्तरमा बालेनले सामाजिक सञ्जालमा प्रयोग गरेका शब्दहरू लोकतान्त्रिक बहसको मर्यादाविपरीत रहेको भनिएको छ । बालेनले स्टाटसमा भनेको '७६ जना बच्चाको हत्यारा', 'आतंकवादी' र 'देश जलाउने'जस्ता शब्दहरू कुनै प्रमाण, अनुसन्धान वा अदालतको निर्णयबिनै लगाएका आरोप गम्भीर, आपराधिक र तथ्यहीन भएको दाबी गरिएको छ ।

हर्क साम्पाङविरुद्ध भने निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग गरेको भन्दै उजुरी परेको हो । हालै साम्पाङ भएको टिसर्ट बालबालिकाले लगाएको तस्बिरहरू सार्वजनिक भएको थियो ।

आयोगले यही ४ माघको राति १२ बजेपछि निर्वाचन आचारसंहिता लागू गरेको हो । तर, उम्मेदवार, दल, निजी क्षेत्रलगायत संरचनाबाट आचारसंहिता उल्लंघन भइरहेका छन् । आयोगकी सहायक प्रवक्ता श्रीसका अनुसार आयोगले काठमाडौं- ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार रहेका वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई ७ माघमा स्पष्टीकरण सोधेको थियो । दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न पत्राचार गरे पनि आयोले स्पष्टीकरण प्राप्त गरेको छैन ।

दोलखामा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार रहेका जगदीश खरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिम माघ ८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरिएको थियो । आयोगले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई एन्फा अर्डिनरी कंग्रेसको निर्वाचन आयोजना भएको विषयमा र राष्ट्रिय खेलकुद परिषद्लाई पनि दुई दिनभित्र स्पष्टीकरण सोधेको छ । नेपाली कम्युनिस्ट पार्टी जाजरकोटका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि आयोगले स्पष्टीकरण सोधिसकेको छ ।

यस्तै, कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीलाई माघ ९ गते स्पष्टीकरण सोधिएको थियो । रास्वपाका तर्फबाट ओखलढुंगामा प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका विश्वराज पोखरेललाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । यसको जवाफ पनि प्राप्त नभएको आयोगले जनाएको छ ।

**साम्पाङको जवाफ- बालबालिकाको प्रयोग असत्य**

यसैबीच श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले बालबालिकालाई चुनावी प्रचारप्रसारमा प्रयोग गरेको भन्ने आरोप असत्य, कपोलकल्पित र दुराशयपूर्ण भएको दाबी गर्दै निर्वाचन आयोगमा स्पष्टीकरण पेस गरेको छ। साम्पाङले बुधबार निर्वाचन आयोगमा बुझाएको पत्रमा पार्टीले बालबालिकालाई कुनै पनि अवस्थामा निर्वाचन प्रचारमा प्रयोग नगरेको स्पष्ट पारेको छ ।

स्पष्टीकरणमा सामाजिक सञ्जालमा सार्वजनिक भएका केही तस्बिर र भिडियोहरूलाई आधार बनाएर लगाइएको आरोप वास्तविकताभन्दा फरक र भ्रामक रहेको उल्लेख छ । ती सामग्रीहरू घटनाको यथार्थभन्दा 'नाटकीय' हुन सक्ने भन्दै पार्टीले यस्ता सामग्रीले जनमतलाई गलत दिशामा लैजान सक्ने चेतावनी दिएको छ ।

पत्रमा अध्यक्ष राईले आफूले श्रमदानको नयाँ आर्थिक मोडेल प्रवर्द्धन गर्ने क्रममा खिचिएका आफ्ना तस्बिर प्रयोग गरी टि-सर्ट छापिएको स्वीकार गरेका छन् । तर, ती टि-सर्ट बालबालिकालाई चुनावी प्रचारका लागि नदिइएको र नलगाउन निर्देशन दिइएको दाबी गरिएको छ ।

■■■

## उल्लंघनकर्तालाई...

राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार अभियानमा निर्वाचन आचारसंहिताले निषेध गरेका कामकारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिन वा कामकारबाहीका लागि खर्च गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३० को उपदफा (१) र (२) बमोजिम त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिवाना गर्न सक्ने आचारसंहितामा उल्लेख छ ।

'त्यसरी भएको जरिवाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागू हुनेगरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने छ,' आचारसंहितामा छ ।


**माइग्रेसन हराएको सूचना**

मिति २०८२/०८/२९ गते काठमाडौं, बागबजारदेखि नयाँ वानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : बिनिता पाण्डे**
**रजिस्ट्रेसन.नं.:** ८०५४९०८००२७९
**सिम्बोल नं.:** २४९१३५९१
**ठेगाना : शंखमुल, राधामार्ग, काठमाडौं**
**सम्पर्कः** :९८६६१४३४७९

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको ३० दिने सूचना**

प्रकाशित मिति २०८२/१०/१५ गते

यस कार्यालयमा मिति २०६५/१०/०९ मा दर्ता भएको **प्रा.लि.नं. ५९८०४ को ओम हिमालयन आलमुनियम स्ट्रक्चर** नामक कम्पनीले १३६ क अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३०** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/१५**

**मेड स्पिरिट अलायन्स प्रा. लि.** को मिति २०८२/१०/०५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **नेशनल एकेडेमी अफ लाईफस्टाईल मेडिसिन प्रा. लि. (दर्ता नं. २६३४९७)** कायम गर्ने गरी मिति २०८२/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०३/११ मा दर्ता कायम भएको **हर्बल ग्रीन फरेष्ट ब्यूटी पार्लर प्रा.लि.** (प्रा.लि.नं. २१८०२६/०७५/०७६) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/१४ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं.** ४०४/**फोन नं.** ९८५१२१७००४

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७२/१२/०४ मा दर्ता भएको प्रा.लि.नं. १४६६३३ को **होटल स्वस्तिक लुम्बिनी** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रोपटक सूचना प्रकाशित मिति : २०८२।१०।१५**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **क्याटालिस्ट ग्लोबल पाथवे** (दर्ता नं. २६००६७) को नाममा रहेको चल -अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **युनि ब्रिज ग्लोबल प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Raj Group of Company Pvt. Ltd.** (ई.प.नं. १२४५/०७३/७४) मा कार्यरत **बेला राई** (**Kitchen Helper**) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Raj Group Of Company Pvt.Ltd.**
Basundhara-3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

**उदयपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**उदयपुरगढी, उदयपुर**
**कोशी प्रदेश ,नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२।१०।१५ गते**

यस उदयपुरगढी गाउँपालिकाको आ.व.२०८२/०८३ को लागि स्वीकृत कार्यक्रमबाट तपसिल बमोजिमको निर्माण कार्यहरू गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनीहरूबाट उल्लेखित शर्तहरूको अधिनमा रहि रीतपूर्वक विद्युतीय खरिद प्रकृया(E–Bid) मार्फत बोलपत्रमा सहभागी हुन सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (VAT सहित) रू. | बोलपत्र जमानत रकम रू. | बोलपत्र फाराम खरिद रकम रू. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| 1. | URM/NCB/ Works/06-2082/83 | Construction and Upgrading of Lalahari-Parewabhir Tatha Gohiya Sadak Ward No.01 | १८३४७३३.१०/- | ४६०००/- | ३,०००/- | २०८२/११/१७ समयः- १२:०० बजेसम्मख | २०८२/११/१७ समयः १३:०० बजे | सानिमा बैंक लि., गढी शाखा, उदयपुरगढी राजश्व खाता नं. १२४०१००४००००००१ धरौटी खाता नं. १२४०१००४००००००१५ कार्यालय कोड नं.८०१०१११०५ |
| 2. | URM/NCB/ Works/07-2082/83 | Hajare Bahunitar Sadak RCC Pavement Works in Ward No.01 | २५०९९५५.०३/- | ६४०००/- | ३,०००/- | २०८२/११/१७ समयः- १२:०० बजेसम्म | २०८२/११/१७ समयः १३:०० बजे | |

**नोटः**-सम्पर्क नं.९८४५२३०८२७, ९८५२८३८०८०, ९८४००३२६८२, थप जानकारी PPMO को Website हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# हिमपातले किसान खुसी, जनजीवन भने कष्टकर

**मनाङ–** हिमाली जिल्ला मनाङमा हिमपात हुने महिना हो पुस र माघ । पहाडी र तराई क्षेत्रमा वर्षा हुँदा हिमाली क्षेत्रमा हिमपात हुन्छ ।

हिमपात भएपछि यहाँका डाँडाकाँडा, खोला, नदी, ताल पूर्णरूपमा जमेका छन् भने हिमपातले सेताम्मे देखिएको छ । यसअघि गत कात्तिक १० र ११ गते हिमपात भएको थियो । मंसिर र पुस महिनामा हिउँ परेन । माथिल्लो मनाङको खाङसार, मनाङ गाउँ, टंकी मनाङ गाउँ, घ्यारु, ङावललगायत गाउँ अहिले हिउँले ढाकिएको मनाङ ङिस्याङ गाउँपालिका-५ भ्राकाका घ्याम्चो गुरुङले बताए । उनले भने, 'मनाङका गाउँतिर करिब एक फिटभन्दा बढी हिउँ परेको छ । यसले किसान भएका छन् । हिउँ परेपछि यहाँको उत्पादन बढ्ने हो । हिउँ पर्दा जनजीवन केही दिन भने कष्टकर हुन्छ ।'

हिमपातका कारण स्थानीय र पर्यटक प्रभावित भएका छन् । नियमित कामका लागि स्थानीय घरबाहिर निस्कन मुस्किल भएको छ । पर्यटक पनि रोकिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङका लेखापाल उमाकान्त सापकोटाका अनुसार अहिले पनि हिमपात भइरहेको छ । चक्रीय अन्नपूर्ण पदमार्गमा रहेका पर्यटक गन्तव्यतर्फ जानबाट रोकिएको उनले बताए ।



प्रमुख जिल्ला अधिकारी नवराज पौडयालले माथिल्लो मनाङ (मनाङ ङिस्याङ) गाउँपालिकामा गए रातिदेखि हिमपात भइरहेको जानकारी दिए । सदरमुकाम चामेमा हिउँ पर्न रोकिएर पानी परिरहेको छ । 'तल्लो मनाङ (नासों गाउँपालिका) को अधिकांश ठाउँमा पानी परिरहेको छ । मौसम बदली भइरहेको छ । नार्पाभूमितिर गोठाला १०/१२ जनाबाहेक नभएको सूचना पाएका छौं,' प्रजिअ पौडयालले भने, 'तर, मौसम बदली तथा हिमपात र उक्त भूगोलमा सञ्चारको पहुँच पनि कम हुँदा त्यता कसैसँग सम्पर्क भएको छैन, सायद हिमपातले केही कठिनाइ भएको हुनसक्छ ।' माथिल्लो मनाङमा दुई फिटसम्म हिउँ परेको जानकारी प्राप्त भएको उनको भनाइ छ । यतिबेला परेको हिउँ पछिसम्म रहने र सिँचाइको काम गर्ने भएकाले किसान भने खुसी देखिएका हुन् । *रासस*

# मतदाता शिक्षाका लागि सबै जिल्लामा पुग्यो नमूना मतपत्र

**काठमाडौं (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीका लागि मतदाता शिक्षा दिन सबै जिल्लामा नमूना मतपत्र पुगिसकेको निर्वाचन आयोगले जनाएको छ ।

कूल १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ भएको र ती मतपत्र मतदाता शिक्षाका लागि सबै जिल्लामा पुगिसकेको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ हुम्ला, कालीकोट, जुम्ला, मुगु, डोल्पा जिल्लाका लागि मतपत्र छपाइ कार्य सम्पन्न भइसकेको उनले बताए ।

बाँकी जिल्लाका मतपत्र क्रमशः छपाइ भइरहेको पनि आयोगले जनाएको छ । यही माघ २५ गतेदेखि फागुन ५ गतेसम्म १६५ वटै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी गर्ने योजना रहेको प्रवक्ता भट्टराईको भनाइ छ । समानुपातिकतर्फको करिब दुई करोडभन्दा बढी मतपत्र छपाइ कार्य भने सम्पन्न भइसकेको आयोगले जनाएको छ ।


## साउदीमा रोजगार

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337933 | चलानी नं.६०२५१४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKING& PACKAGING WORKER | 12 | 0 | 1000 | ३८,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.** श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## कतारमा रोजगार

कम्पनी : KADI SALON

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337783 | चलानी नं. ६०२५१३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 1700 | ६८,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम इजाजत नं. ०९५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## कुवेतमा रोजगार

कम्पनी : CREATIVITY GENERAL TRADING CO./ RAKAN TALAL HASAN ALFADHALA & PARTNERS

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 333157 | चलानी नं. ६०२४६९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Staff | 4 | 0 | 120 | ५७,४५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337986 | चलानी नं.६०२५१३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | packing and packaging worker | 35 | 0 | 1000 | ३८,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : KRIDIE HASSAN FACTORY CO.LTD

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ | LT. No. 337827 | चलानी नं. ६०२५१३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 3 | 0 | 1200 | ४६,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Munal Overseas Pvt. Ltd. श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## MAURITIUS/ QATAR मा रोजगार

कम्पनी : RHT BUS SERVICES LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 324910 | चलानी नं. ६०२३९१७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Automobile Electricians | 5 | 0 | 17405 | ५२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Automobile Mechanics | 10 | 0 | 17405 | ५२,३०० | | | | | | | |
| 3 | Brick Builder | 10 | 0 | 17405 | ५२,३०० | | | | | | | |
| 4 | Bus Drivers | 28 | 0 | 22947 | ५२,३०० | | | | | | | |
| 5 | Electric Arc Welder | 5 | 0 | 17405 | ५२,३०० | | | | | | | |
| 6 | Heavy Vechicle Driver | 15 | 0 | 17405 | ५२,३०० | | | | | | | |
| 7 | Painter | 5 | 0 | 17405 | ५२,३०० | | | | | | | |

कम्पनी : NASIR AL ALI FOR PROJECTs

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 332865 | चलानी नं. ६०२४६५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 119 | 0 | 1000 | ३८,९०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## युएइमा रोजगार

कम्पनी : ROYAL EXCELLENT STEEL & CEMENT INDUSTRIES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337927 | चलानी नं. ६०२५१४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 2 | 0 | 2000 | ७९,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | 1500 | ५९,४५० | | | | | | | |
| 3. | Data Entry | 4 | 0 | 1500 | ५९,४५० | | | | | | | |
| 4. | Driver/Forklift Operator | 4 | 0 | 1500 | ५९,४५० | | | | | | | |
| 5. | Engineer | 2 | 0 | 6000 | २३७,८०५ | | | | | | | |
| 6. | Helper | 20 | 0 | 1000 | २९,६३५ | | | | | | | |
| 7. | Machine Operator/Machinist | 2 | 0 | 1500 | ५९,४५० | | | | | | | |
| 8. | Masion | 4 | 0 | 1500 | ५९,४५० | | | | | | | |
| 9. | Mechanic/Driver | 2 | 0 | 1500 | ५९,४५० | | | | | | | |
| 10. | Painters | 4 | 0 | 1500 | ५९,४५० | | | | | | | |
| 11. | Welder/Certified/Gulf exp | 4 | 0 | 1500 | ५९,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com


# एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८२।१०।१५ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८२।११।०१ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:**

**१. ऋणीको नामः परमेश्वर इलेक्ट्रोनिक सेन्टर** — **कर्जा शिर्षकः** क्यास क्रेडिट

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता रहेको), दर्ता नं.: ४६४८८/०७६-०७७, दर्ता मितिः २०७६/१२/०५, स्थायी लेखा नं.: ६१३२०११७३, ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**नवल नेपालीः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६२९४(२०६१/०४/३२/रुपन्देही), बाजेको नामः लक्ष्मन, बाबुको नामः छविलाल नेपाली, ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. वालिका नेपालीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७/२१२७(२०४६/०२/०४/रुपन्देही), बाबुको नामः कृष्ण नेपाली, ससुराको नामः लक्ष्मन, पतिको नामः छविलाल नेपाली, ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० ।

**ख. विजय नेपालीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०२-७०-०१३१६(२०७०/०२/१७/रुपन्देही), बाजेको नामः लक्ष्मन, बाबुको नामः छविलाल नेपाली, ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० ।

**ग. जंग बहादुर नेपालीः** ना.प्र.प.नं (जारी मिति/स्थान): २२५४५(२०६०/०७/१९/रुपन्देही), बाजेको नामः लक्ष्मन, बाबुको नामः छविलाल नेपाली, ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० ।

**घ. मदन नेपालीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४१४१६(२०६३/११/०८/रुपन्देही), बाजेको नामः लक्ष्मन, बाबुको नामः छविलाल नेपाली, ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० ।

**ङ. निर माया नेपालीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७२०२४/५९९५५(२०६७/०३/०७/रुपन्देही), बाबुको नामः टेक बहादुर दमाई, ससुराको नामः छविलाल नेपाली, पतिको नामः नवल नेपाली, ठेगानाः रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० ।

**लिलाम हुने धितोको विवरणः**

कृष्ण नेपालीको छोरी, लक्ष्मनको बुहारी, छविलाल नेपालीको पत्नी, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० बस्ने **वालिका नेपाली**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, जहदा गा.वि.स./न.पा. वडा नं. ५, नक्सा सिट नं. ५ च स्थित कि.न. १५० को क्षेत्रफल १६९३.२० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः विन्दु राई** — **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा र आवधिक कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ६७४१/०५३/५४ (२०५३।०५।१६/सुनसरी ई.प्र.शाखा धरान), बाबुको नामः धन बहादुर राई, ससुराको नामः मान बहादुर राई, पतिको नामः राज कुमार राई, ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, एभरेष्ट लाइन ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. मान बहादुर राईः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९६५८/७६७८/२८२६ (२०३४।०८।०९/सुनसरी), बाजेको नामः विर बहादुर राई, बाबुको नामः जस बहादुर राई, ठेगानाः सुनसरी जिल्ला, भोक्राहा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, एभरेष्ट लाइन ।

**ख. राज कुमार राईः** ना.प्र.प.नं (जारी मिति/स्थान): २०६५५/२३६५५ (२०५०।१२।२४/सुनसरी), बाजेको नामः जस बहादुर राई, बाबुको नामः मान बहादुर राई, ठेगानाः सुनसरी जिल्ला, प्रकाशपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, एभरेष्ट लाइन ।

**लिलाम हुने धितोको विवरणः**

विर बहादुर राईको नाति, जस बहादुर राईको छोरा, सुनसरी जिल्ला, भोक्राहा गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा., वडा नं. १५, एभरेष्ट लाइन बस्ने **मान बहादुर राई**को नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, भोक्राहा गा.वि.स., वडा नं. ७/ख स्थित कि.नं. ६ र ७ को क्षेत्रफल क्रमशः ०-१४-१० र ०-६-८ विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

**३. ऋणीको नामः दुर्ग मान थापा** — **कर्जा शिर्षकः** आवधिक कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १०९(२०४४/११/२१/गोरखा), बाजेको नामः उजिर सिंङ थापा, बाबुको नामः बेल बहादुर थापा, ठेगानाः गोरखा जिल्ला, ताक्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. रस्मी थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०४२५४०(२०६५/०९/२०/चितवन), बाबुको नामः नन्द बहादुर आले मगर, ससुराको नामः दुर्ग मान थापा, पतिको नामः खर्क बहादुर थापा, ठेगानाः चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ ।

**ख. मनिषा थापा मगरः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५-०१-७१-१०२३९(२०७१/१०/०५/चितवन), बाबुको नामः ओम बहादुर मगर, ससुराको नामः दुर्ग मान थापा, पतिको नामः दान बहादुर थापा, ठेगानाः चितवन जिल्ला, दाहखानी गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ ।

**ग. बिष्णु माया थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ८४२(२०४४/११/३०/गोरखा), बाबुको नामः चन्द्र बहादुर आले, ससुराको नामः बेल बहादुर थापा, पतिको नामः दुर्ग मान थापा, ठेगानाः गोरखा जिल्ला, ताक्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ ।

**घ. अक्कल बहादुर मगरः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७६५३/०४४(२०६२/०४/३१/चितवन), बाजेको नामः टेक बहादुर राना मगर, बाबुको नामः इन्द्र बहादुर राना मगर, ठेगानाः चितवन जिल्ला, शक्तिखोर गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, कालिका न.पा., वडा नं. ९ ।

**लिलाम हुने धितोको विवरणः**

उजिर सिंङ थापाको नाति, बेल बहादुर थापाको छोरा, गोरखा जिल्ला, ताक्लुङ गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ बस्ने **दुर्ग मान थापा**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा., वडा नं. ६/क स्थित कि.न. ११६३ को क्षेत्रफल ०-१-१०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः जीवन कुमार बस्नेत** — **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट र सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ६२७१/१९५ (२०५५/०८/२२/मोरङ्ग), बाजेको नामः लीला बहादुर बस्नेत, बाबुको नामः गंगा बहादुर बस्नेत, ठेगानाः मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. रुद्र बहादुर बस्नेतः** ना.प्र.प.नं (जारी मिति/स्थान): ११६८३/१९६(२०५८/०७/०६/मोरङ्ग), बाजेको नामः लीला बहादुर बस्नेत, बाबुको नामः गंगा बहादुर बस्नेत, ठेगानाः मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ ।

**ख. कमला देवी बस्नेतः** ना.प्र.प.नं (जारी मिति/स्थान): २७७६८/०३५ (२०३५/०८/०१/मोरङ्ग), बाबुको नामः गंगा बहादुर कार्की, ससुराको नामः लीला बहादुर बस्नेत, पतिको नामः गंगा बहादुर बस्नेत, ठेगानाः मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ ।

**ग. गंगा बहादुर बस्नेतः** ना.प्र.प.नं (जारी मिति/स्थान): २८२३९ (२०३५/०८/०१/मोरङ्ग), बाजेको नामः पर्वल बहादुर बस्नेत, बाबुको नामः लीला बहादुर बस्नेत, ठेगानाः मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ ।

**घ. मनिषा थापा (बस्नेत):** ना.प्र.प.नं (जारी मिति/स्थान): ०५२०५५/१४६३६(२०७०/०६/१०/मोरङ्ग), बाबुको नामः टंक बहादुर थापा, ससुराको नामः गंगा बहादुर बस्नेत, पतिको नामः नविन कुमार बस्नेत, ठेगानाः मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ ।

**ङ. कमला देवी कुंवरः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७६१५१५०४ (२०५०/०६/२१/झापा), बाबुको नामः कृष्ण बहादुर कुंवर, ससुराको नामः गंगा बहादुर बस्नेत, पतिको नामः जीवन कुमार बस्नेत, ठेगानाः झापा जिल्ला, गोलधाप गा.वि.स., वडा नं ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ ।

**च. गोमा बस्नेत (थापा):** ना.प्र.प.नं (जारी मिति/स्थान): ०५२०५५/११५८२ (२०६९/०७/२६/मोरङ्ग), बाबुको नामः नरेन्द्र ब. थापा, ससुराको नामः गंगा बहादुर थापा, पतिको नामः रुद्र बहादुर बस्नेत, ठेगानाः मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ ।

**लिलामी हुने धितोको विवरणः**

**क.** पर्वल बहादुर बस्नेतको नाति, लीला बहादुर बस्नेतको छोरा, मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ बस्ने **गंगा बहादुर बस्नेत**को नाममा मालपोत कार्यालय रङ्गेली, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स./न.पा., वडा नं. ४/ख स्थित कि.न. १३५ र १४९ को क्षेत्रफल क्रमशः ०-४-१५-० र ०-६-४-० बिघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** गंगा बहादुर कार्कीको छोरी, लीला बहादुर बस्नेतको बुहारी, गंगा बहादुर बस्नेतको पत्नी मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ्ग जिल्ला, रतुवामाई न.पा., वडा नं. ७ बस्ने **कमला देवी बस्नेत**को नाममा मालपोत कार्यालय रङ्गेली, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स./न.पा., वडा नं. ३/ख स्थित कि.न. ७९० को क्षेत्रफल ०-१-७-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः कमल बहादुर थापा क्षेत्री** — **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट

ना.प्र.प.नं (जारी मिति/स्थान): ३७१२(२०४९/०९/२१/कास्की), बाजेको नामः रूप बहादुर थापा, बाबुको नामः वयान बहादुर थापा क्षेत्री, ठेगानाः कास्की जिल्ला, बेगनास गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १० ।

**व्यक्तिगत जमानतकर्ताः**

**कमला थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३४५९३(२०५२/०५/०८/कास्की), बाबुको नामः तिलक बहादुर थापा, ससुराको नामः वयान बहादुर थापा क्षेत्री, पतिको नामः कमल बहादुर थापा क्षेत्री, ठेगानाः कास्की जिल्ला, बेगनास गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १० ।

**लिलाम हुने धितोको विवरणः**

तिलक बहादुर थापाको छोरी, वयान बहादुर थापा क्षेत्रीको बुहारी, कमल बहादुर थापा क्षेत्रीको पत्नी, कास्की जिल्ला, बेगनास गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १० बस्ने **कमला थापा**को नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा., वडा नं. १० स्थित कि.न. १९३ को क्षेत्रफल २८२.४० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# आश्वासनको पोकामात्र नबनोस् घोषणापत्र

प्रतिनिधिसभा सदस्य निर्वाचन अर्थात् मतदान गर्न अब ३५ दिनमात्र बाँकी छ। देशकै नीति बनाउने सदस्य चुन्ने यो निर्वाचनमा कस्ता उम्मेदवारलाई मतदान गर्ने त ? यो विषयमा प्रश्न उठ्छ नै। अनि जवाफ हुन्छ– हाम्रोलाई हैन, राम्रोलाई मत दिने। राम्रो कसरी छान्ने त ? एजेण्डा हेरेर। दलहरूले हरेक निर्वाचनमा घोषणापत्र ल्याउँछ। घोषणापत्रमै एजेण्डा समेटिएको हुन्छ।

तर मतदाताले भने दलले घोषणापत्र ल्याइसक्दा कसलाई मतदान गर्ने भनेर लगभग उम्मेदवार र पार्टीको टुंगो लगाइसकेका हुन्छन्। कारण दलहरू सकेसम्म ढिलोगरी घोषणापत्र ल्याउँछन्। त्यसैले मतदाताको रुचि घोषणापत्र पर्खिनेमा हुँदैन। एक त दलहरूसँग घोषणापत्रमा समेट्नेगरी ल्याउने ‘भिजन’ नै हुँदैन। जनताका र देशको आवश्यकता भन्दा पनि आफ्नो स्वार्थअनुकूल घोषणापत्र तयार गर्छन् दलहरू। कसैले पुरानै घोषणापत्र उल्टापाल्टा गरी लेख्छन्। कुनै दल यस्ता हुन्छन् जसले आफ्नो दलको स्तुतिगानमात्र लेख्ने र अरु दलको खोटमात्र देखाउने। कुनै दल यस्ता हुन्छन् जसले विरोधका लागि विरोध गर्ने गरी घोषणापत्र ल्याउँछन्।

कुनै दलले त पूरा हुनै नसक्ने गफका पुराण नै लगाएका हुन्छन्। यसैले पनि मतदाताले यस्ता कुरामा भर गर्नै छाडेका छन्। यसैले होला दलहरूले घोषणापत्रलाई ऐच्छिक बनाएका छन्। उम्मेदवार खाली हात घरदैलो पुगिसकेका छन्। उनीहरूले हातैमात्र जोडेर मत मागिसकेका छन्। नयाँले यसपटक नयाँलाई हेरौं भन्दै मत माग्दै छन्। पुरानाले अनुभवीलाई जिताउनु भन्दै मत माग्दै छन्।

दलले विज्ञसँग छलफल गरी औपचारिकता निभाउँदै घोषणापत्रको तयारीमा लागेका छन्। केवल यो ‘कर्मकाण्डी’ घोषणापत्र ल्याउन केही दिन बाँकी छ। पुराना घोषणापत्रसँग दाँज्ने र कुन दल कति पानीमा भन्ने विषय मतदाताले छुट्याउने समय पनि पाउने छैनन्। मतदातासम्म दलले घोषणापत्र पनि पुऱ्याउँदैनन्। केवल प्रश्न गर्ने नागरिक समाज र सञ्चार जगतको आँखामा छारो हाल्न दलहरूले घोषणापत्र तयार गर्न लागेका हुन्।


लोकप्रियतावाद र डिजिटल बबलको भरमा मतदाताको मन जित्न उम्मेदवारहरू दिनरात खटिसकेका छन्। यो वेभले जतातिर डोऱ्याउँछ, मतदाता त्यतैतिर ढल्किने हुन्। निर्वाचन परिणाम आएपछि एजेण्डा र नीति निर्माणका कुरा ‘गोली मारो’ शैलीमा बिर्सन्छन्। त्यही कारण हरेक दशकमा यो विषय सडकमा आक्रोश बनेर पोखिन्छ। त्यसैले दलका नेतृत्वमा बस्ने नेताहरूले बेलैमा सोचोस्, आफ्नो घोषणापत्र यथार्थपरक बनाउन। जुन पूरा गर्न सकिने र तथ्यमा आधारित होस्। जसले जनताका आकांक्षा पनि पूरा होस् र आफ्नो दलले पनि बहुमत पाओस्। नभए ‘कर्मकाण्डी’ घोषणापत्र ल्याएर केही काम छैन।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।

# ध्यान साधनाबाट प्राप्त हुन्छ बोध



❑ नेत्र सुवेदी “प्रयास”

योगासन, प्राणायम र ध्यान एकपछि अर्को गरी अभ्यास गरिन्छ। योग र प्राणायम ध्यानका लागि पूर्वतयारी हुन्। वास्तवमा ध्यान लागेपछि शरीर हलुका महसुस हुन्छ भने मनमा शान्ति छाउँछ। सही अर्थमा ध्यानबाट आनन्दको अनुभूति हुन्छ। जुनसुकै काममा पनि ध्यानस्थ हुने क्षमता विकास हुन्छ। भनिएको छ कि ध्यान आफ्नो लक्ष्यप्राप्तिको हुनुपर्दछ। आफूतिर नफर्की ध्यान हुँदैन। खोजेको आनन्द सम्बन्ध, सम्पत्ति, शान्ति, बुद्धि केमा हो सोहीअनुसार ध्यान लगाउनुपर्दछ। ध्यानको अभ्यासमा हामीहरू बाहिरी जगतभन्दा पनि भित्री आकाशमा मन लगाउँछौं। हामीभित्रको आकाश सच्चिनान्द स्वरूपमा छ। त्यसैले भनिएको होला निराकारमात्र पूर्ण छ। आकाशको सीमा नभएजस्तै निराकार पनि विस्तृत छ, पूर्ण छ। उपनिषद्मा उल्लेख भएको ‘ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते। पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥’ ले इंगित गरेको पूर्णता अक्षुण छ अर्थात् आकाशबाट आकाश घटाउँदा शेष पनि आकाश नै रहन्छ। यही पूर्णता प्राप्तितर्फको अभ्यास हो ध्यान। ध्यानका लागि कुनै आसनमा बसेर आँखा चिम्लनु पर्दछ भन्ने छैन। जुन काममा संलग्न छौं त्यसैमा ध्यान लगाउनु पनि ध्यान नै हो।

विभिन्न आध्यात्मिक मार्गहरूले जीवन जिउनुको उद्देश्यलाई आफ्नै ढंगले व्याख्या गरेको पाइन्छ। जस्तो कि भगवान् शिवको भाषामा कैविल्य, महर्षि पतञ्जलिको भाषामा निर्विकल्प समाधी र बुद्धको भाषामा निर्वाण प्राप्ति। मानव जीवनको उद्देश्य भनेको दुःखबाट मुक्ति र परमानन्द प्राप्ति नै हो। जीवनको यही उद्देश्य प्राप्तिका लागि ऊर्जा आवश्यक पर्दछ र सो ऊर्जाको सिर्जना र उपयोगका लागि पनि ध्यान आवश्यक पर्दछ। त्यसो त समृद्धिको पूर्वाधार भनेको पनि जीवन ऊर्जा हो। शरीरमा ऊर्जाको कमी भयो भने समृद्धि प्राप्तिको विषय खोक्रो सावित हुन्छ। ध्यान गरे पनि धन आर्जन गरे पनि आधारभूत विषय भनेको ऊर्जा हो। ऊर्जामा मूलतः तीनवटा पक्ष सँगसँगै रहन्छन्। पहिलो हो- शारीरिक शक्ति, जुन हामीमा कायम गर्दै मजबुत हुनुपर्ने हुन्छ। दोस्रो हो- मानसिक शक्ति जुन शक्ति विचार, इच्छाशक्ति र सन्तुलनका लागि आवश्यक छ। तेस्रो हो- भाव शक्ति जसबाट केही प्राप्ति भएको अनुभूति हुन्छ। यी तीनवटै शक्तिको जग भनेको चेतना शक्ति हो। हामीले बोलीचालीको भाषामा यसलाई ‘होस’ पनि भन्दछौं। चेतना जागृत गर्ने र प्रयोग गर्ने कला नै ध्यान हो।

## ध्यान गर्ने प्रक्रिया र पूर्वःसर्त

धेरैले आफ्नो काममा एकाग्रता भएन भन्छन्। एकाग्रता भनेको एउटा विषयमा ध्यान लगाउनु हो। एकाग्रता हुनु कुनै कामका लागि अनिवार्य त छ तर पर्याप्त भने नहुन सक्छ। चेतना वा सजगता भने एकाग्रताभन्दा पनि उच्चस्तरको शक्ति हो। ध्यान सम्बन्धमा रचित गीतको लाइन ‘साक्षीपूर्ण चेतनाले जाने जति ज्ञान भयो, प्रेमपूर्ण भावनाले छानेजति ध्यान भयो’बाट ध्यानका लागि चेतना र प्रेम सँगसँगै चाहिन्छ भन्ने बुझ्न सकिन्छ। ध्यानलाई आनन्द प्राप्तको माध्यम वा बाटो मान्ने हो भने बोध भनेको आनन्द प्राप्तिको अवस्था वा गन्तव्य हो। बोध भनेको वास्तविक योग तथा ध्यान अभ्यासमात्र नभई त्यो भन्दा पनि गहिरो विषय रहेछ। ‘आफूप्रति सजग भई ध्यान गर्दै छु म, ध्यानप्रति सजग भई बोध गर्दै छु म’ भन्ने जीवन विज्ञानसम्बन्धी गीतको लाइनबाट पनि बोध भनेको ध्यान गहिरिँदै जाँदा पुगिने चरण र नतिजा रहेछ भन्ने बुझिन्छ।

ध्यानका लागि आसनमा बस्दा पवित्रता, अभयता र सजगता यी तीन विषय ख्याल गर्नुपर्दछ। ध्यानका बखत आँखा खोल्दा अरुलाई देखिन्छ भने आँखा बन्द गरेपछि आफैंलाई देखिन्छ। ध्यान भनेकै भित्रबाट परिवर्तन गर्ने विधि हो। यसका माध्यमबाट जीवनमा सकारात्मकता, स्वस्थता र आनन्द प्राप्ति सम्भव हुन्छ। भनिन्छ कि सुख दुःखका कारण हामी आफैं हो र ध्यान आफूतिर फर्काएर नयाँ दृष्टिकोणका साथ सरल समाधान खोज्ने विधि हो। त्यसै भनिएको हैन ‘मनको ढोका खोलेर भित्र जाउँ, हृदयमा भेटिन्छ शान्त ठाउँ’ भनेर। जसरी खाना खाँदा अघाइन्छ र सन्तुष्टि प्राप्त हुन्छ, त्यसैगरी ध्यानबाट आनन्द प्राप्ति हुन्छ। तर पवित्रता, अभयता र सजगताको त्रिवेणीमा निष्ठा र धैर्यतापूर्वक साधना गर्न जरुरी हुन्छ।

मभित्र के भइरहेको छ थाहा पाउन सुरु गर्नु ध्यानको पूर्वसर्त हो। ध्यानको ऊर्जाले नै ज्ञानको ऊर्जा सिर्जना गर्दछ। जे गर्न नि चेतना चाहिने र चेतनाको सहज प्राप्तिको बाटो नै ध्यान। चार अक्षरको शब्द सजगता ध्यानको पहिलो चरण हो यसले मनमा जे चलिरहेको छ थाहा पाउन मद्दत गर्दछ। सजगताका तीन गुण अहिले, अप्रतिक्रियात्मक र अध्ययन हुन्। सजगताका पाँच तह छन्। पहिलो सजगता श्वासप्रति, दोस्रो शरीरप्रति, तेस्रो आत्मगुफाप्रति, चौथो गुरूप्रति र पाँचौं सजगता ईश्वरप्रति हुनुपर्दछ। हामी ध्यान गर्दा आफैंले अनुभूत गर्दछौं, जबकि पुस्तक पढ्दा भने अरुको विचार पढिन्छ। ध्यानले जागेको ऊर्जालाई स्थिर बनाउँछ।

जीवनमा सजगता टिकाउनका लागि पवित्रता आवश्यक पर्दछ। यसका लागि दिव्य नवव्रतको पालना आवश्यक पर्दछ। यदि यी नवव्रतमध्ये कुनै वा सबै कमजोर भयो भने सजगता तुहिन्छ वा चुहिन्छ। नौवटा गुणहरू रहेको दिव्य नवव्रत संकल्प साथसाथै पालनाको विषय पनि हो। ती गुणहरू भनेका सत्यता, स्वाध्याय, निहंगकारिता, क्षमाशीलता, सर्वकल्याण भाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा हुन्।

## ध्यानबाट बोधतिर

बोधप्राप्तिका लागि ध्यान गरिरहँदा सजगताप्रति भन्दा मुख्य दुईपक्ष हुन सक्छन्- म कि अरु। अरूप्रतिको सजगतामा प्रेम जरुरी छ जहाँ भय रहँदैन। आफूप्रतिको सजगताका लागि स्वाध्याय आवश्यक पर्दछ जसको सरल अर्थ भनेकै आफ्नो अध्ययन हुन्छ। त्यस्तै आफूप्रतिको सजगता बढ्दै गयो भने ध्यान बोध बन्दछ।

आफ्नो अध्ययन कसरी भन्ने प्रश्न उठ्न सक्छ। यसका दुई तरिका छन्। मेरो मन विचार कस्तो छ, राम्रा नराम्रा कस्ता कुरा खेल्छन् ? बानीव्यहोरा के छन् ? यो पहिले त आफैंले बुझ्न जरुरी छ। दोस्रो पक्ष भनेको अरूप्रति गरिने व्यवहार हो। आफूलाई जुनसुकै व्यवहार गर्ने किन नहोस् अरूप्रति व्यवहार गर्दा प्रतिक्रिया व्यक्त नगरेर त्यस्तो व्यवहार किन गऱ्यो भन्ने पत्ता लगाउनु पनि स्वाध्याय हो। के बुझ्न जरुरी छ भने हामीलाई दुःखले जति सताएको छ, त्योभन्दा बढी सुखले पनि सताएको छ। सुख पनि दुःखमा परिवर्तन हुन्छ। जस्तो कि आफूलाई माया गर्ने व्यक्तिको देहान्त भयो भने हामी दुःखी हुन्छौं। आफैंमा समाहित हुनुमात्र आनन्द हो, यो मात्र स्थायी रहन्छ। आममानिस दुई प्रकारका हुन्छन्। पहिलो बाहिरतिर खोज्ने अर्थात् सांसारिक र दोस्रो ध्यानी।

आफूप्रति सजग हुँदै गयो भने कुनै बिन्दुमा पुग्दा शून्यता फेला पर्दछ, त्यहाँ दुःख हुँदैन न त सुख नै हुन्छ। भनिन्छ कि सजग व्यक्ति जीवन जिउन जान्ने व्यक्ति हो। सजगतापश्चात् फेला पर्ने शून्यता नै बोध हो। अकम्पको अनुभवलाई शून्यता पनि भनिन्छ। शून्यताका तीन गुणका रूपमा निर्विचार, निराकार र निःशब्द रहेका छन्। आँखा बन्दा गर्दा दुई आँखीभौंका बीचमा जे देखिन्छ त्यो नै आत्मगुफा हो। यसलाई आन्तरिक आकाश पनि भनिन्छ। सुरुमा पूरै अँध्यारो र क्रमशः उज्यालो देखिन्छ। यसरी देख्ने भनेकै शिव नेत्रले, तेस्रो आँखाले हो। यसैलाई वेदमा व्योमा भनिन्छ।

पुराणमा यसलाई बृन्दावन भनिन्छ भने शिवपुराणले कैलाश र मृगस्थली दुबै प्रयोग गरेको पाइन्छ। उपनिषदमा भने यसलाई अरण्य भनिन्छ। विज्ञानको जगत्मा यसलाई क्वान्टम फिल्ड, द युनिफाइड फिल्डजस्ता शब्द प्रयोग हुन्छन्। आत्मगुफालाई सन्ध्या पनि भनिन्छ। आत्मगुफा भनेको हाम्रो असली परिचय हो अनि मभित्रको म हो। म कै आध्यात्मिक नाम आत्मगुफा हो। आत्मागुफालाई सूक्ष्म शरीर, देह पनि भनिन्छ। मृत्युपश्चात् पनि आत्मगुफा मर्दैन। ‘आँखा छोपे अँध्यारो देखिन्छ, अँध्यारोमै मूल ज्योति भेटिन्छ’ भनेझैं गहिरो साधनाबाट मात्र बोध प्राप्ति सम्भव हुन्छ।

## सेवाभाव र दृव्यदृष्टि प्राप्ति

अपेक्षा इच्छा पनि दुःखको कारण हो। इच्छा कम गर्नका लागि इच्छाप्रतिको जागरुकता/सजगता आवश्यक हुन्छ। चाहना दुई किसिमको हुन सक्छ- निजी चाहना र परोपकारी चाहना। जब जगतको हित गर्न थालिन्छ, स्वार्थी चाहना हराउँछन्। त्यसैगरी वेदले इन्द्रीयलाई गो भन्दछ भने इन्द्रीय दानलाई गोदान भनेको छ। वास्तवमा गोदान भनेको इन्द्रीयलाई बसमा राख्ने विषय हो। ऊर्जाको सदुपयोगको विषय हो। मन स्थिर राख्न सकेमात्र ध्यान लाग्दछ, बोध प्राप्तितर्फउन्मुख भइन्छ। बोध प्राप्त हुनु भनेको दिव्यदृष्टि हासिल हुनु पनि हो। सञ्जयले धृतराष्ट्रलाई कुरुक्षेत्रको घटना हस्तिनापुर बसेर सुनाउँदा पनि दिव्य तेस्रो आँखाको सहारा लिएका थिए। महर्षि व्यासले सञ्जयलाई सिकाएका थिए यो। दिव्यदृष्टिलाई तेस्रो नेत्र पनि भन्न सकिन्छ।


गुरूप्रतिको सगताको पनि विशेष महत्त्व हुन्छ। गुरु भनेको हृदयमा आकाश, मुस्कानमा वैकुण्ठ, बोलीमा वेद र पुराण धारी हुन्छन्। त्यस्तै गुरुका लागि शिष्य भनेका एकमात्र देवता, एकमात्र प्रेम, एकमात्र भविष्य र एकमात्र आशा हुन्। अर्कोतर्फ शिष्यले आफूसँग भएको लोभ, रिस, इर्ष्या, डर, तनाव, कुलत गुरुलाई अर्पण गर्दछ। त्यस्तै धनले किन्न नसकिने इमान्दारिता, समर्पण र निष्ठा पनि प्रकट गर्दछ। कसैले नलिने आँसु, अहंकार, असुरक्षा, अशान्ति पनि गुरुले लिन्छन्। सत्यता, सेवाभाव, मधुरवाणी, मुस्कान भए गुरु खुसी हुन्छन्। गुरूप्रतिको सजगतालाई नित्यावतार पनि भनिन्छ।

साधना र सेवामा सहकार्यबाट शक्ति उत्पन्न हुन्छ। सफल जीवनका लागि ध्यानको गहिराई र सेवाको उचाइ दुवै आवश्यक पर्दछ। ध्यानको समुद्र र सेवाको सगरमाथा भएमा कर्मसिद्धि र सफल जीवन सम्भव हुन्छ। अनुसन्धानले पुष्टि गरेअनुसार योग ध्यान गर्नेको स्मरण क्षमता नगर्नेको तुलनामा १४ गुणासम्म बढी भएको अनुसन्धानले देखाएको छ। त्यस्तै ध्यान गर्ने व्यक्तिलाई ४८ प्रकारका रोग त लाग्नै पाउँदैनन् टाढैबाट भाग्छन्।

**अन्त्यमा**

नेपाल योग र ध्यानका लागि उद्गम भूमि हो। धेरै शास्त्रहरूले नेपालमा आध्यात्मिक साधना गर्नका लागि थुप्रै ऋषिमुनिहरू, व्यक्तित्वहरूले समय खर्च गरेको हामी पढ्न पाउछौं तर दुःखको कुरा अहिले विश्वस्तरको आरोग्य नक्साले भने नेपाललाई समेटेको छैन। नेपाल योग र ध्यानको जन्मभूमि हो। जसरी आफ्नो आमालाई कमजोर देख्नु हुँदैन, त्यसैगरी नेपालको यो बृहत् सम्भावनालाई आरोग्य पर्यटनको बृहत् अवधारणाअन्तर्गत सदुपयोग गर्नुपर्दछ। विगत १४ वर्षअघि स्थापना भएर सक्रिय रहेको जीवन विज्ञानका कार्यक्रम लोकप्रिय हुँदै गएका छन् भने अन्तर्राष्ट्रियस्तरको साधना केन्द्रका रूपमा धादिङको थाक्रे गाउँपालिकामा जीवन विज्ञान धाम पनि निर्माण हुँदै छ। *रासस*

*(लेखक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सहसचिव तथा प्रवक्ताका साथै योग साधनाका अनुयायी हुन्)*



“ नेपाल योग र ध्यानका लागि उद्गम भूमि हो। धेरै शास्त्रहरूले नेपालमा आध्यात्मिक साधना गर्नका लागि थुप्रै ऋषिमुनिहरू, व्यक्तित्वहरूले समय खर्च गरेको हामी पढ्न पाउछौं तर दुःखको कुरा अहिले विश्वस्तरको आरोग्य नक्साले भने नेपाललाई समेटेको छैन। नेपाल योग र ध्यानको जन्मभूमि हो। जसरी आफ्नो आमालाई कमजोर देख्नु हुँदैन, त्यसैगरी नेपालको यो बृहत् सम्भावनालाई आरोग्य पर्यटनको बृहत् अवधारणाअन्तर्गत सदुपयोग गर्नुपर्दछ।

महिला जनप्रतिनिधिका पीडा

# ‘अवसर पायौं, जिम्मेवारी पाएनौं’

■ रामचन्द्र रायमाझी

**तानसेन (पाल्पा)**– ‘जनताको सेवा गर्न भनेर चुनाव जितेर त आइयो तर हामी महिला सदस्यको कुनै भूमिका नै छैन,’ तानसेन नगरपालिका-२ की मञ्जु रणपालले भनिन्, ‘जनताको गुनासो र काम लिएर नगरपालिका र वडा कार्यालयमा जाँदा हाम्रो कुरा सुनिँदैन ।’

जनताले उनीहरूलाई जिताएर नै पठाएका हुन् तर बैठकमा केही कुरा राख्दा पुरुष जनप्रतिनिधिले सरकारले नै तिमीहरूलाई केही अधिकार दिएको छैन भनेर टारिदिने गरेको उनी बताउँछिन् । आफूहरू बजेट र कानुन पास गर्ने बेलामा ताली बजाउनमात्र साक्षीका रूपमा सहभागी हुने गरेको उनको गुनासो छ । कानुनमा दलित महिला प्रतिनिधि राख्नुपर्ने प्रावधानलाई पालना गरेको देखाउनमात्र आफूहरू राखिएको अनुभूति भइरहेको रणपालको बुझाइ छ ।

उनले दलित महिला जनप्रतिनिधि भएकै कारण दलितहरूको पक्षमा काम गर्न नपाएको बताइन् । संविधान र कानुनमा दलित र महिलाका लागि अनेकथरी व्यवस्था भए पनि व्यवहारमा त्यो लागू गर्न बजेट नहुने गरेको उनको भनाइ छ । अर्की दलित महिला सदस्य मञ्जु विकलाई तीन वर्षअघि धेरै काम गर्न सक्छु भन्ने लागेको थियो । काम गर्ने उत्साह पनि थियो तर तीन वर्षको उनको अनुभव भन्छ, ‘अवसरले मात्रै नपुग्दो रहेछ, जिम्मेवारी पनि दिइनुपर्दो रहेछ । उनी महिलालाई अवसरसँगै कार्यस्थलमा काम गर्ने वातावरण बनाउनुपर्ने बताउँछिन् ।

तानसेन-६ की दलित महिला सदस्य सुस्मिता गहतराजको गुनासो उस्तै छ । वडा कार्यसमितिको बैठकमा आउने, टोलमा केही गतिविधि भए जानेबाहेक अरू त्यस्तो काम केही नभएको उनी बताउँछिन् । उनी भन्छिन्, ‘वडाध्यक्षको जिम्मेवारी नै धेरै देखिन्छ । अध्यक्षले खटाएको काम गर्ने हो । कतै कार्यक्रम भए अध्यक्षले जानुस् भनेपछि जान्छु, सुरुमा त कार्यक्रममा जाँदा आफ्नै परिचय दिन पनि अप्ठ्यारो लाग्थ्यो ।’

दलित समुदायको प्रतिनिधित्व गरेर निर्वाचित भएकी तानसेन-१३ की दलित महिला सदस्य बसुन्धरा दमाइलाई वडामा के योजना आयो ? बजेट के कस्तो छ ? भनेर सोध्नेहरू पनि प्रशस्तै छन् तर बजेट छुट्याउने, योजना छुट्याउने ठाउँमा उनको पहुँच छैन । ‘भोट माग्ने, हामीलाई योजना नदिने भनेर गुनासो त गर्छन् तर हामी पनि जिम्मेवारी केही पाएनौं भनेर गुनासो नै गरिरहेका छौं,’ उनले भनिन् । आफूले प्रतिनिधित्व गरेको वर्ग र समुदायका लागि केही गर्न नसकिएको उनको गुनासो छ । ‘अहिले गाउँमा जाँदा हरेकका गुनासोमात्रै सुन्नुपर्छ,’ उनले भनिन्, ‘बैठकमा कुरा उठायो भने महिला दलितका लागि आउने अलिकति बजेट छुट्याउँछौं । अरू किन चाहियो भन्छन् ।’

तानसेन-७ की दलित महिला सदस्य मीना परियारले वडाध्यक्ष र अन्य सदस्यलाई दिएको मत एउटै भए पनि सदस्यहरूलाई खासै भूमिका नदिँदा आफूहरू ओझेलमा परेको बताइन् । उनी भन्छिन्, ‘हामी आफैंले पनि आफ्नो जिम्मेवारी माग्न सकेका छैनौं, उनीहरूले तिम्रो जिम्मेवारी यो हो, यो काम गर भनेर भनेका छैनन् ।’ वडाध्यक्षले दिएका जिम्मेवारी भने आफूहरूले इमान्दारिताका साथ पूरा गर्दै आएको उनको भनाइ छ ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको वडा समितिको काम, कर्तव्य र अधिकार स्पष्ट गरे पनि निर्वाचित महिला जनप्रतिधि भने व्यवहारमा भूमिकाविहीन बन्दै गएका छन् । स्थानीय सरकार सञ्चालन ऐनमा वडा समितिले वडाभित्रको योजना तर्जुमा कार्यान्वयन, अनुगमन गर्ने, तथ्यांक अद्यावधिक र संरक्षण गर्ने, स्थानीय तहको विकास कार्यमा संलग्न हुने, वडाभित्रका



विकास निर्माणको काम र उपभोक्ता समितिको नियम गर्ने व्यवस्था गरिएको छ । ती कामका लागि वडा समितिले आवश्यकताअनुसार वडा सदस्यलाई जिम्मेवारी प्रदान गर्नुपर्छ तर पुरुष जनप्रतिनिधिले जिम्मेवारी नदिँदा कार्यपालिकाको कार्यमा महिला जनप्रतिनिधिहरू साक्षीमात्र बन्नु परेको हो ।

नगरप्रमुख सन्तोषलाल श्रेष्ठले भने स्थानीय सरकारमा महिलाहरूको उपस्थितिमात्र नभई निर्णय प्रक्रियामा पनि सहभागी गराउने गरिएको दाबी गरे । योजना छनोटदेखि वडामा हुने हरेक क्रियाकलाप र बजेटबारे सबै सदस्यहरूलाई जानकारी गराउने गरेको तानसेन नगरपालिका-६ की वडाध्यक्ष सागरमान महर्जनले बताइन् । ‘कार्यवाहक दिँदा सबैलाई समानुपातिक किसिमले दिने गरेको छु, हामी कहाँ हुनुभएका तीनै जना महिला वडा सदस्य र पुरुष सदस्यलाई आलोपालो गरेर कार्यवाहकको जिम्मेवारी दिइन्छ । सबै सदस्यहरूसँग सल्लाह गरेर नै वडामा हुने गतिविधि सञ्चालन हुन्छन्,’ उनले भनिन् ।

कानुनले दलित महिलाको सहभागिता सुनिश्चित गरे पनि अर्थपूर्ण सहभागिताको अभाव देखिएको मानवअधिकारकर्मी सन्तवीर बराल बताउँछन् । राज्यको मूल प्रवाहमा समावेश गराउनका लागि सशक्तीकरण गर्ने, आफ्नो भूमिका तथा अधिकारको दाबी गर्न महिलाहरूले नसकेको उनको भनाइ छ । कानुनले त अधिकार दिएको छ तर उनहरूको क्षमता अभिवृद्धि गर्ने, उनीहरूको सशक्तीकरणमा कुनै पनि स्थानीय तहले ध्यान दिएको पाइँदैन । पालिकाका प्रमुख/अध्यक्ष, वडाध्यक्षहरूले उनलाई नीति निर्माण तहको छलफल गराउने, योजना निर्माणमा सहभागी गराउने तथा नेतृत्व विकास गर्ने कार्यक्रममा सहभागी गराउन सके दलित महिला प्रतिनिधिहरूले आफ्नो भूमिका कार्यान्वयनमा आएको अनुभूति गर्ने उनको भनाइ छ ।

## ‘अवसर पाए नेतृत्व गर्न सक्छौं’

यहाँका महिला जनप्रतिनिधिले अवसर पाए प्रमुख पदमा नेतृत्व ग्रहण गर्न आफूहरू सक्षम रहेकोसमेत बताउने गरेका छन् । ‘हामी महिला जनप्रतिनिधिहरू विषयवस्तुमाथि सही निर्णय र कार्यान्वयन गर्न दक्ष र क्षमतावान छौं तर पनि पटक-पटक विषयगत समितिको संयोजक माग गर्दा पनि जिम्मेवारी नपाउँदा दुःख लागेको छ,’ तानसेन-२ की महिला सदस्य सविता भट्टराईले भनिन् । जिम्मेवारी दिएमा पुरुषलेभन्दा राम्रो काम गरेर देखाउँथ्यो तर जिम्मेवारी नपाउँदा अन्याय भएको कार्यपालिका सदस्य मञ्जु विकको भनाइ छ ।

नगरपालिकाको ७३ जनाको जनप्रतिनिधिहरूको निर्वाचित बोर्ड संरचनामध्ये उपप्रमुखसहित ३३ जना महिलाहरूको संख्या रहेको छ । १४ वटा वडाबाट महिला र दलित गरी २८ जना महिला निर्वाचित भएका छन् । एक जना दलित महिलालाई नगरपालिका बोर्डले कार्यपालिका सदस्यमा मनोनीत गरेको छ । यहाँ ३३ जना महिलामध्ये खस आर्यमा आठ जना, जनजातिमा आठ जना र दलित १७ जनाको प्रतिनिधित्व छ । यहाँ ३३ जना महिला जनप्रतिनिधिमध्ये एक उपप्रमुखसहित छ जना कार्यपालिका सदस्य रहेका छन् । छ जना कार्यपालिका सदस्यमध्ये, तीन जना दलित, तीन जना ब्राह्मण, क्षेत्री रहेका छन् । छ जना महिला कार्यापालिका सदस्यहरू प्रायः कार्यपालिकाको बैठकमा उपस्थित हुने गरेका छन् । नगरका ३१ जना महिला जनप्रतिनिधिले भने वडामा कार्यवाहक प्रमुख तथा निमित्त प्रमुखको कुशलतापूर्वक जिम्मेवारी सम्हाल्दै आएका छन् । हाल वडा सदस्यको जिम्मेवारीमा रहेका केही महिला जनप्रतिनिधिहरूले आगामी निर्वाचनमा वडाध्यक्षको उम्मेदवारी दिने सोचमा रहेको बताएका छन् ।

द एसिया फाउण्डेसनको सहयोगमा दलित महिला केन्द्र नेपालले प्रभावकारी र समावेशी स्थानीय सरकार सवलीकरण कार्यक्रमअन्तर्गत यहाँका महिला जनप्रतिनिधिलाई ‘मेण्टरिङ’सम्बन्धी प्रशिक्षण दिँदै आएकाले पनि यहाँका महिलाहरू जिम्मेवारीप्रति सचेत हुँदै आएको पाइन्छ । नगरका विभिन्न वडामा ‘महिला जनप्रतिनिधिलाई आफ्नो जिम्मेवारी, भूमिका, काम, कर्तव्य र अधिकारका बारेमा सचेत गराउँदै आएको केन्द्रकी कार्यक्रम अधिकृत निर्मला शाहीले बताइन् । उनले भनिन्, ‘काम गर्ने सिलसिलामा आइपरेका समस्याका बारेमा नियमित प्रशिक्षणमार्फत आफ्नो जिम्मेवारी र भूमिका स्पष्ट पार्छौं । यसले गर्दा कार्यसम्पादनमा सहजता हुँदै आएको छ र महिला जनप्रतिनिधिहरू आफ्नो जिम्मेवारीप्रति सजग हुनुहुन्छ ।’

महिला सदस्य सुनिता श्रेष्ठलाई निर्वाचित हुँदा आफ्नो भूमिका र जिम्मेवारीप्रति पूर्णरूपमा जानकारी थिएन । श्रेष्ठ महिला जनप्रतिनिधिको भूमिका, जिम्मेवारी तथा नेतृत्व विकाससम्बन्धी प्रशिक्षणमा सहभागी भएपछि भने अहिले जिम्मेवारीप्रति सजग छिन् । ‘जनप्रतिनिधिको काम, कर्तव्य र अधिकारका बारेमा पूर्ण ज्ञान थिएन,’ उनले भनिन्, ‘जब महिला जनप्रतिनिधिको भूमिका र जिम्मेवारीसम्बन्धी प्रशिक्षणमा सहभागी भई ज्ञान पाएपछि निकै सहज भएको छ ।’ कुन विषय कहाँ उठाउने, कसरी उठाउने, योजना कसरी माग गर्ने, योजना निर्माण, बजेट निर्माण, कार्यान्वयन, फरफारक गर्ने प्रक्रियाका बारेमा अहिले धेरै कुरा थाहा भएको उनको भनाइ छ ।

खासगरी स्थानीय तहमा संविधानले नै अनिवार्य गरेको हुँदा महिलाको प्रभावशाली उपस्थिति रहेको छ । संविधानतः कुनै पनि राजनीतिक दलले प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिँदा एक जना अनिवार्य महिला हुनुपर्छ । यद्यपि, यसमा पनि दलहरूले प्रमुखमा महिलालाई कमै विश्वास गरेका छन् र अधिकांश उपप्रमुखमै खुम्च्याइएका छन् । तर, महिला जनप्रतिनिधिहरूको कार्यसम्पादन पुरुषको भन्दा कमजोर नभएको बरु उनीहरूले पुरुषलाई पनि उछिनिरहेको वस्तुगत यथार्थ हो । घरधन्दा सम्हाल्नुपर्ने, घरपरिवार हेर्नुपर्ने जिम्मेवारीका बाबजुद उनीहरू आफ्नो जिम्मेवारीमा खरो उत्रिरहेका छन् । *रासस*

**Phalgunanda Rural Municipality**

## Office Of Rural Municipal Executive

**Phaktep, Panchthar**

**Koshi Province, Nepal**

## Invitation For Electronic Bids.

**Date Of Publication: 2082-10-15**

1. The Phalgunanda Rural Municipality office invites only electronic bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Estimated amount (Nrs.) including VAT and Excluding contingency | Bid security Amount (Nrs.) | Bid document fee.(Nrs.) | Bank Detailed |
|---|---|---|---|---|---|
| PRMW/NCB/ 04/2082/83 | Construction of water supply project ward no -07 works. | 89,92,365.97 | 2,25,000.00 | 3000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) |

2. Interested bidders should be submit online bids electronically only through PPMO e-GP Portal www.bolpatra.gov.np on or before the submission deadline started in respective bid document.

**Chief Administrative officer**


**कतारमा रोजगार** कम्पनी : EXODUS WINDOW FILM

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | पुन: विज्ञपन स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 332817 | चलानी नं. ६०२४६५३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ४०,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

OM OVERSEAS EMPLOYMENT PVT.LTD

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**कतारमा रोजगार** कम्पनी : INDIAN ALMITHALYA SCHOOL

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337704 | चलानी नं. ६०२५१३६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | female bus supervisor | 0 | 10 | 2500 | १००,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 10 | 0 | 2200 | ८८,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE Govt. License 147/056/057

ROSE OVERSEAS PVT. LTD.

Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874

E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np

**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337919 | चलानी नं. ६०२५१४१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 200 | 0 | 1000 | ३९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STUPA OVERSEAS SERVICES PVT. LTD.

New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4784389, 4783086

E-mail: stupapltd@gmail.com.np, URL: www.stupagroup.cpm.np

श्रम ईजाजत नं. ७०२/०६३/०६४


**खत्याड गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**रामतडी मुगु**

**कर्णाली प्रदेश नेपाल**

## बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना

**प्रकाशित मितिः २०८२/१०/१५**

यस गाउँपालिका को मिति २०८२/०८/२२ र २८ गते प्रभाव राष्ट्रिय दैनिक र पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार बिधुतीय माध्यम मार्फत दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्रदाता | कबोल रकम रु (मु.अ. कर र P.S. सहित ) |
|---|---|---|---|---|
| 1 | KRM/NCB/ WORKS/08/82/083 | Construction of Khatyad Khola Bailey Bridges, Heukuina and Masadna, Khatyad RM, | RIDARC-Rabi Chakra JV, Khatyad Rural Municipality -03, Mugu | 80,267,259.15 |
| 2 | KRM/NCB/ WORKS/05/82/083 | Construction of Road and Transport Infrastructure (Slab Culvert and Road) at Pache -Karkha-Jamir-Nakharji – Hechudhi – Sukadhik – Jhugola Road Sector and Majhachaur -Putta Khola- Bahupani-Majhaghatta- Rara Road sector | RIDARC Nepal Pvt Ltd, Nakhu -04, Lalitpur | 48,752,957.44 |




**निखिलको 'आचार्य'मा भारतीय अभिनेता रोहित चौधरी**

हिन्दी सिरियलका अभिनेता रोहित चौधरी नेपाली फिल्ममा देखिने भएका छन् । अभिनेता निखिल उप्रेतीको निर्देशनमा बनिरहेको फिल्म 'आचार्य'मा उनी अनुबन्धित भएका हुन् । फिल्मका प्रोडक्सन म्यानेजर शंकर पाण्डेका अनुसार रोहितले केही दिन अघिदेखि नै फिल्मको छायांकन गरिरहेका छन् । पाण्डेले उनी विगत एक सातादेखि नेपाली फिल्मको सुटिङमा व्यस्त रहेको जानकारी दिए । फिल्म 'आचार्य'मा उनी महत्वपूर्ण भूमिकामा रहने बताइएको छ ।





# 'आ बाट आमा'को सांगीतिक यात्रा पोखराबाट

■ प्रभाव संवाददाता

**काठमाडौं –** पछिल्लो समय फिल्म प्रचार प्रभावकारी बनाउन निर्माण युनिट सांगीतिक यात्रा गर्न थालेका छन् । यस्तै आगामी १६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'आ बाट आमा' ले पनि सांगीतिक यात्रा सुरु गरेको छ । निर्माण युनिटले मंगलवार पोखरबाट सांगीतिक यात्रा सुरु गरेको हो । साँझ ५ बजेदेखि पोखराको लेकसाइडमा फिल्मको कन्सर्ट आयोजना भएको थियो । जहाँ फिल्मका मुख्य कलाकारहरू विपना थापा, प्रदीप रावत (भारतीय अभिनेता), पल शाह, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्तसहित गायक करण परियारले विशेष प्रस्तुत दिए ।

पोखरापछि बुधबार फिल्म युनिटले चितवनमा कन्सर्ट गर्ने भने पनि



मौसमको खराबीको कारण क्यान्सिल गरेको छ । माघ १५ गते (बिहीबार) काठमाडौंको गोंगबुस्थित सिटी स्क्वायर मलमा सांगीतिक कार्यक्रम राखिएको छ । तीनवटै सहरका कार्यक्रममा फिल्मका मुख्य कलाकार हरूले प्रस्तुति दिनेछन् ।

आमा र छोराको भावनात्मक सम्बन्धको कथामा आधारित फिल्मले केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) बाट युनिभर्सल सर्टिफिकेट प्राप्त गरेको छ । चन्द्र पन्तको निर्देशन रहेको फिल्ममा कोसिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमको संगीत, अभिमन्यु निरवी, अमर न्यौपाने, र चन्द्र पन्तको संवाद, नवराज उप्रेतीको छायाङ्कन तथा साहिल खान र मिलन श्रेष्ठको सम्पादन छ । फिल्ममा कृष्णप्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर, ध्रुवप्रसाद न्यौपाने र क्षितिज ढुंगाना निर्माताको रूपमा छन् ।

# बोर्डले माग्यो ११ विधामा तालिम तथा कार्यशालाको आवेदन

■ प्रभाव संवाददाता




**काठमाडौं–** चलचित्र विकास बोर्डले चालु आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत 'चलचित्रकर्मी दक्षता अभिवृद्धि वर्ष २०८२' को अवसरमा ११ विधामा सञ्चालन हुने तालिम तथा कार्यशालाका लागि आवेदन मागेको छ ।

बोर्डद्वारा जारी सूचनाअनुसार चलचित्रकर्मीको प्राविधिक, सिर्जनात्मक तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित ध्वनि, पोस्ट-प्रोडक्सन, छायांकन, पटकथा लेखन, ड्रोन, मेकअप, फोटो तथा भिडियो पत्रकारिता, एआई चलचित्र निर्माण, प्रतिलिपि अधिकार, साइबर सुरक्षा तथा मानसिक स्वास्थ्यसम्बन्धी तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ ।

इच्छुक चलचित्रकर्मीले बोर्डको वेबसाइटबाट आवेदन फारम डाउनलोड गरी सूचना प्रकाशित भएको मितिले १० दिनभित्र आवेदन पेश गर्न सक्नेछन् । पछिल्लो ५ वर्षदेखि सम्बन्धित विधामा कार्यरत चलचित्रकर्मीलाई प्राथमिकता दिइने बोर्डले जनाएको छ। बोर्डका अनुसार यी कार्यक्रमले नेपाली चलचित्र उद्योगलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउने दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

## रंगशाला

**छैटौं टाइगर कप भलिबल**

# डेढ महिनाभित्रै तेस्रोपटक उपाधिका लागि भिड्दै न्यु डायमन्ड र पुलिस



■ प्रभाव संवाददाता

**पोखरा–** महिलातर्फ छैटौं टाइगर कप भलिबल प्रतियोगिताको उपाधिका लागि न्यु डायमन्ड स्पोर्ट्स क्लब र विभागीय टोली नेपाल पुलिस क्लब भिड्ने भएका छन् । यी दुईबीच पछिल्लो डेढ महिनामा ३ पटक उपाधि भिडन्त हुने भएको हो । यसअघिको दुवै फाइनलमा न्यू डायमन्डले पुलिसलाई निराश बनाउँदै उपाधि हात पारेको थियो ।

पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा बुधबार लिग चरणको अन्तिम खेलमा न्यु डायमन्डले पाहुना टोली थाइल्यान्ड क्विन्सलाई ३-० ले पराजित गरेसँगै फाइनल खेल्ने टोली टुंगो लागेको हो । रोमाञ्चक खेलको पहिलो सेट न्यु डायमन्डले २५-२१ ले आफ्नो पक्षमा पार्‍यो । त्यसपछिका दुई सेटमा न्यु डायमन्डले २५-२३ र २५-२० को जित हात पार्‍यो ।

लिग चरणमा अपराजित रहने न्यु डायमन्ड एक्लो टोली हो । एक सेट पनि नगुमाएको न्यु डायमन्डले चार खेलबाट १२ अंक जोड्यो । न्यु डायमन्डको जितसँगै पुलिसको फाइनल यात्रा पनि सुरक्षित भएको छ । पुलिसले बुधबार नै सम्पन्न खेलमा विभागीय टोली एपीएफ क्लबलाई ३-० को सोझो सेटमा हराएको थियो । खेलको सुरुआतदेखि नै दबाबमा राखेको पुलिसले पहिलो सेट २५-१६ ले जित्यो । त्यसपछिका दुई सेटमा २५-१३ र २५-१९ को सहज जित हात पार्‍यो ।

जितसँगै पुलिसले चार खेलबाट ७ अंक पुर्‍याउँदै फाइनलमा आफ्नो स्थान पक्का गर्‍यो । लिग चरणमा न्यु डायमन्डले पुलिसलाई ३-० को सोझो सेटमा हराएको थियो । थाइल्यान्ड क्विन्सले भने ६ अंक मात्र पुर्‍याउन सक्यो । त्रिभुवन आर्मी क्लब जितविहीन रहँदै बाहिरिँदा एपीएफले भने तेस्रो स्थानका लागि थाइल्यान्ड क्विन्ससँग खेल्ने पक्का भएको छ । एपीएफको चार खेलबाट ५ अंक जोडेको थियो ।


**राइनास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तीनपिप्ले, लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

**(पहिलो पटक प्रकाशित मितिः २०८२/१०/१५)**

१. राइनास नगरपालिका, तिनपिप्ले, लमजुङले तपसिल बमोजिमको खरिद कार्य अगाडी बढाउन योग्य बोलपत्रदाताहरूबाट इलेक्ट्रोनिक माध्यमबाट बोलपत्र आव्हान गरेको छ ।

२. इलेक्ट्रोनिक माध्यमबाट आफ्नो बोलपत्र पेश गर्न चाहने योग्य बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा गई आवश्यक कागजात हेर्न, डाउनलोड गर्न र पेश गर्न सक्नुहुनेछ । बोलपत्र सम्बन्धी कागजात खरिदका लागि हिमालयन बैंकको राजस्व खाता नंः १२०५५३७६५२०१९८ (ग-१-१ आन्तरिक राजश्व खाता) मा रकम रू .३०० दाखिला गर्न सक्नुहुनेछ । बोलपत्रको लागि बोलपत्र जमानत बैंक मार्फत दाखिला गर्न चाहने बोलपत्रदाताले हिमालयन बैंकको धरौटी खाता नंः १२०५५३७६५२०१८२ (ग-३ स्थानीय तह धरौटी खाता) मा जम्मा गर्न सक्नुहुनेछ ।

३. सम्पूर्ण खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

| क्र.स. | बोलपत्र नं | बोलपत्रको बिवरण | लागत अनुमान (भ्याट र पि.एस. सहित) | जमानत रकम | बोलपत्र बुझाउने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | RAINAS/NCB/W/082-083/11 | Rainas na.pa. ward no. 06 Gaulitar sabha bhawan nirman karya, Lamjung | रु ६८५९२९७.५९ | रु १,५२,००० | २०८२/११/१७ १२:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**



**Sudurpashchim Province Government**

**Ministry of Physical Infrastructure Development**

**Patharaiya Mohana Irrigation Management Office**

**Dhangadhi, Kailali**

**Invitation for Bid**

**First Publication Date: 2082/10/15 (29th January 2026)**

1. Patharaiya Mohana Irrigation Management Office, Dhangadhi, Kailali invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding procedures for the following works:

| S. N. | Contract ID | Description of works | Bid validity/Bid security validity period | Bid Document Fee (Non-Refundable) (NRs.) | Estimated Amount (Excluding Contingency and Including VAT and PS Items) | Bid Security Amount in (NRs.) |
|---|---|---|---|---|---|---|
| A. Single Stage Single Envelope (1S1E) | | | | | | |
| 1. | PMIMO/NCB/W/04/2082/83 | Fabrication and Installation of Gates and Construction of other Canal structures For Bani Irrigation System, Joshipur Kailali | 90 /120 days | 3000 | 1,54,47,880/58 | 3,90,000 |
| Deadline for bid submission: | | | 2082/11/17 (March 1, 2026) till 12:00 PM | | | |
| Date, time and place of bid Opening: | | | 2082/11/17, 14:00 PM, Patharaiya Mohana Irrigation Management Office, Dhangadhi. | | | |
| Date, time and place of Pre- Bid Meeting: | | | 2082/11/08, 14:00 PM, Patharaiya Mohana Irrigation Management Office, Dhangadhi. | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Patharaiya Mohana Irrigation Management Office, Dhangadhi.; Tel: 091-526341 or may visit PPMO website www.bolpatra. gov.np/egp

**Office Chief**



**कुवेतमा रोजगार** कम्पनी : Realette Spa Company for Men

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ LT. No. 337996 चलानी नं. ६०२५१४३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 1 | 0 | 150 | ७१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Spa Therapist | 4 | 0 | 150 | ७१,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067

K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.

Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)

E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np



**साउदीमा रोजगार** कम्पनी : SAUDI AL-SAKAB BUFFET CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ LT. No. 337815 चलानी नं. ६०२५१३६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FAST FOOD MAKER | 5 | 0 | 2000 | ७७,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Nasser Outsourcing Consultants Pvt. Ltd.

Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org



**कुवेत/कतारमा रोजगार** कम्पनी : MAYA TEX RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ LT. No. 337836 चलानी नं. ६०२५१३६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 15 | 0 | 120 | ५६,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALOON YOULAND

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ LT. No. 337846 चलानी नं. ६०२५१३६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | 1700 | ६८,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075



स्पेनको म्याड्रिडमा बुधबार हिउँ परिरहेको बेला सडकमा हिँडिरहेका मानिसहरू । *तस्विर: सिन्हवा*

# किमले आणविक योजना सार्वजनिक गर्ने संकेत

**सियोल–** उत्तर कोरियाली नेता किम जोङ उनले आगामी सत्तारूढ मजदुर पार्टीको सम्मेलनमा देशको आणविक प्रतिरोध क्षमता अझ सुदृढ पार्ने योजनाहरू सार्वजनिक गरिने बताएका छन् । राज्य सञ्चार माध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार मंगलबार किमको उपस्थितिमा अपग्रेड गरिएको लार्ज-क्यालिबर मल्टिपल रकेट लञ्चर प्रणालीको लाइभ-फायर अभ्यास गरिएको थियो । दक्षिण कोरिया र जापानले यसलाई पहिले ब्यालेस्टिक मिसाइल प्रक्षेपणका रूपमा वर्णन गरेका थिए ।

राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा किम आफ्नी किशोरी छोरीसँगै विशाल लञ्च ट्रकको छेउमा हिँडिरहेको देखिन्छ । दक्षिण कोरियाको गुप्तचर सेवाले सन् २०२४ को सुरुतिर किम जु ए नामकी छोरीलाई उनको सम्भावित उत्तराधिकारीका रूपमा प्रस्तुत गर्न थालिएको जनाएको थियो ।

केसिएनएले किम जोङ उनलाई उद्धृत गर्दै परीक्षण प्रक्षेपण देशको ‘रणनीतिक प्रतिरोध’ क्षमताको प्रभावकारिता बढाउन गरिएको बताएको छ । यस शब्दावली उत्तर कोरियाले आफ्ना आणविक हतियार क्षमताका लागि प्रयोग गर्दै आएको छ । समाचारअनुसार लञ्चर प्रणालीको गतिशीलता र प्रहारको शुद्धता दुवैमा सुधार गरिएको छ ।

विज्ञहरूका अनुसार उत्तर कोरियाका ठूला आकारका रकेट लञ्चर प्रणालीहरूले परम्परागत आर्टिलरी र ब्यालेस्टिक मिसाइलबीचको सीमा झन् अस्पष्ट बनाएका छन्, किनकि ती प्रणालीहरूले आफ्नै थ्रस्ट उत्पादन गर्न सक्छन् र उडानक्रममै मार्गनिर्देशन गर्न सक्षम छन् । उत्तर कोरियाले यस्ता केही प्रणालीहरू आणविक हतियार बोक्न सक्ने दाबी पनि गरेको छ ।



किमले देशको सैन्य शक्ति निरन्तर मजबुत बनाउनु मजदुर पार्टीको अपरिवर्तनीय दायित्व रहेको बताए । उनले पाँच वर्षपछि पहिलोपटक हुन लागेको आगामी पार्टी सम्मेलन ‘देशको आणविक युद्ध प्रतिरोधलाई अझ सुदृढ पार्ने अर्को चरणका योजनाहरू’ घोषणा गर्ने महत्त्वपूर्ण मञ्च हुने स्पष्ट पारे ।

फेब्रुअरीमा सुरु हुने अपेक्षा गरिएको उक्त सम्मेलन उत्तर कोरियाको सबैभन्दा ठूलो राजनीतिक तथा प्रचारात्मक कार्यक्रम मानिन्छ, जहाँ नयाँ राजनीतिक र आर्थिक प्राथमिकताहरू निर्धारण गरिन्छ । डिसेम्बरयता उत्तर कोरियाले हाइपरसोनिक मिसाइल, लामो दूरीको रणनीतिक क्रूज मिसाइल र नयाँ एन्टी-एयर मिसाइलको परीक्षण गरिसकेको छ । विश्लेषकहरूका अनुसार यी गतिविधिहरू सम्मेलनअघि हतियार विकासका उपलब्धि प्रदर्शन वा समीक्षा गर्ने उद्देश्यले गरिएको हुनसक्छ ।

केसिएनएले आगामी चरणको आणविक विकास योजना कस्तो हुने छ भन्नेबारे विस्तृत विवरण दिएको छैन । तर विदेशी विश्लेषकहरूका अनुसार उत्तर कोरियाले आफ्ना प्रतिद्वन्द्वीहरूको क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीलाई छल्न एउटै क्षेप्यास्त्रमा धेरैवटा वारहेड राख्ने क्षमतामा निपुणता हासिल गर्न खोजिरहेको छ । साथै, अमेरिकी मुख्य भूमिलाई लक्षित लामो दूरीका मिसाइलका वार हेडहरूलाई वायुमण्डलीय पुनःप्रवेशका क्रममा उत्पन्न हुने उच्च ताप र दबाबबाट जोगाउने प्रविधि उसले पूर्णरूपमा विकास गरिसकेको छ कि छैन भन्ने प्रश्न पनि उठिरहेको छ ।

सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक कूटनीति विफल भएपछि उत्तर कोरियाले अमेरिका र दक्षिण कोरियासँग वार्ता गर्न अस्वीकार गर्दै आएको छ । यद्यपि, सीमित आणविक निःशस्त्रीकरणका सर्तमा आर्थिक र राजनीतिक प्रोत्साहन प्रस्ताव गरिएमा किम पुनः वार्तामा फर्कन सक्ने सम्भावना रहेको विज्ञहरूले बताएका छन् । *रासस/एपी*

# महाराष्ट्रका मुख्यमन्त्री अजित पवारको विमान दुर्घटनामा मृत्यु

**नयाँदिल्ली–** भारतको महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको चार्टर विमान दुर्घटनामा बुधबार बिहान मृत्यु भएको खबरले देशभर शोकको लहर फैलिएको छ । बारामतीमा अवतरण गर्ने क्रममा विमान दुर्घटनाग्रस्त हुँदा उनीसहित विमानमा सवार सबै पाँच जनाको मृत्यु भएको नागरिक उड्डयन महानिर्देशालयले जनाएको छ ।

शिवसेना (युबिटी) का सांसद अरविन्द सावन्तले यस घटनालाई ‘अत्यन्त दुःखद’ भन्दै पवार परिवारप्रति गहिरो समवेदना प्रकट गरे । उनले बारामती क्षेत्रको विकासमा अजित पवारको ठूलो योगदान रहेको स्मरण गर्दै उनी साहसी र प्रतिबद्ध नेता भएको उल्लेख गरे । शिवसेना (युबिटी) कै सांसद प्रियंका चतुर्वेदीले पनि यस समाचारलाई स्तब्ध र हृदयविदारक बताउँदै मतभेद भए पनि सँगै काम गरेको अनुभव स्मरण गरे। उनले पवार परिवारका सबै सदस्य तथा बारामतीका जनताप्रति सहानुभूति व्यक्त गरे ।

बिहान करिब ८ बजे मुम्बईबाट उडेको सानो चार्टर विमान बारामती विमानस्थल नजिकै अवतरण प्रयासका क्रममा दुर्घटनामा परेको थियो । दुर्घटनास्थलमा विमानका अवशेषबाट आगो र धुवाँ निस्किएको देखिएको थियो ।



अजित पवार जिल्ला परिषद् चुनावसम्बन्धी कार्यक्रममा सहभागी हुन बारामती जाँदै थिए । प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहले महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीससँग सम्पर्क गरी घटनाबारे जानकारी लिएको महाराष्ट्र सरकारले जनाएको छ । विभिन्न दलका सांसद तथा केन्द्रीय मन्त्रीहरूले पनि उनको निधनमा गहिरो दुःख व्यक्त गरेका छन् ।

अजित पवार दिग्गज नेता शरद पवारका भतिजा तथा लोकसभा सांसद सुप्रिया सुलेका काकाको छोरा थिए । उनी फरक-फरक समय र विभिन्न सरकारमा गरी सबैभन्दा धेरै अवधिसम्म महाराष्ट्रको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने नेता थिए । पृथ्वीराज चव्हाण, देवेन्द्र फडणवीस, उद्धव ठाकरे र एकनाथ सिन्दे नेतृत्वका सरकारहरूमा उनले उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाले । उनका श्रीमती सुनेत्रा पवार तथा छोराहरू जय र पार्थ पवार छन् । *रासस/एएनआई*

# दक्षिण कोरियाकी पूर्वप्रथम महिला किम केओन हीलाई २० महिना जेल

**सियोल–** दक्षिण कोरियाको अदालतले देशकी पूर्वप्रथम महिला किम केओन हीलाई भ्रष्टाचारको आरोपमा २० महिनाको जेल सजाय सुनाएको छ । बुधबार सियोल केन्द्रीय जिल्ला अदालतले उनलाई घुस लिएको अभियोगमा दोषी ठहर गरे पनि स्टक हेरफेर र चुनावी वित्तसम्बन्धी कानुन उल्लंघनका आरोपबाट भने मुक्त गरेको छ ।

५३ वर्षीया किम लामो समयदेखि विवादमा तानिँदै आएकी थिइन् । भ्रष्टाचार, प्रभावको दुरूपयोग र शैक्षिक अभिलेखमा अनियमितताका आरोपले उनका पति पूर्वराष्ट्रपति युन सुक योलको कार्यकालभरि दक्षिण कोरियाको राजनीति प्रभावित भएको थियो । किम र युन दुवै डिसेम्बर २०२४ मा मार्सल ल घोषणा र त्यसपछि उत्पन्न राजनीतिक अराजकतासँग सम्बन्धित घटनाका कारण हिरासतमा छन् ।

अदालतका अनुसार किमले व्यवसायी तथा राजनीतिज्ञहरूबाट दुई लाख अमेरिकी डलरभन्दा बढी मूल्यका उपहार र नगद लिएकी थिइन् । तीमध्ये एक धार्मिक समूहका नेताबाट प्राप्त दुईवटा ब्राण्डेड ह्याण्डब्याग र गहनासमेत रहेका थिए । यद्यपि अभियोजन पक्षले लगाएको स्टक हेरफेर र चुनावी कोष दुरूपयोगको आरोप प्रमाणित हुन सकेन ।



कालो पोसाक, मास्क र चश्मा लगाएर सजाय सुनुवाइका क्रममा किम अदालतमा उपस्थित भएकी थिइन् । अभियोजकहरूले उनी आफूलाई कानुनभन्दा माथि ठान्ने र राज्य तथा धर्मबीचको संवैधानिक विभाजन कमजोर पार्ने कार्यमा संलग्न भएको दाबी गरेका थिए । उनका कार्यले देशका संस्थाहरूलाई गम्भीररूपमा कमजोर पारेको अभियोजनको तर्क थियो । किमले भने अन्तिम बयानमा आरोपहरू अन्यायपूर्ण भएको बताउँदै अस्वीकार गरेकी थिइन् । तर आफ्नो भूमिकाका कारण समस्या उत्पन्न भएको स्वीकार गर्दै माफी मागेकी थिइन् । ‘मलाई सुम्पिएको जिम्मेवारीबारे सोच्दा धेरै गल्ती गरेको स्पष्ट हुन्छ,’ उनले भनेकी थिइन् ।

किममाथिका घोटालाहरूले पूर्वराष्ट्रपति युनको राजनीतिक एजेण्डालाई बारम्बार छायाँमा पारेका थिए । सन् २०२३ मा सार्वजनिक भएको एक भिडियोमा उनले महँगो लक्जरी ह्याण्डब्याग स्वीकार गरेको देखिएपछि ‘डायर ब्याग काण्ड’ ले देशव्यापी आलोचना जन्माएको थियो । यसले सन् २०२४ को संसदीय चुनावमा युनको दलको हारमा पनि भूमिका खेलेको विश्लेषकहरू बताउँछन् । यस प्रकरणसँगै धार्मिक समूह युनिफिकेसन चर्चका नेता र केही शीर्ष नेताहरूमाथि पनि अनुसन्धान र सजायको प्रक्रिया अघि बढेको छ । *रासस/एएफपी*

# हात्तीको बढ्दो संख्या नियन्त्रण गर्न थाइल्याण्डको नयाँ उपाय

**बैंकक–** थाइल्याण्डले जंगली हात्तीको तीव्ररूपमा बढ्दै गएको जनसंख्या नियन्त्रण गर्ने उद्देश्यले पहिलोपटक गर्भनिरोधक खोप प्रयोग गरेको छ । वन्यजन्तु संरक्षण विभागका एक वरिष्ठ अधिकारीले बुधबार यसबारे जानकारी दिएका हुन् ।

वन्यजन्तु अधिकारी तथा पशु चिकित्सकहरूको टोलीले सोमबार दक्षिण-पूर्वी त्रात प्रान्तमा रहेका तीनवटा पोथी जंगली हात्तीलाई गर्भनिरोधक खोप लगाएको विभागका निर्देशक सुखी बुनसाङले जानकारी दिए । उनका अनुसार यो कदम जंगली हात्तीको जनसंख्यालाई व्यवस्थितरूपमा नियन्त्रण गर्नका लागि चालिएको हो ।

पूर्वी थाइल्याण्डका पाँच प्रान्तमा हात्तीको जन्मदर वार्षिक आठ प्रतिशतले बढिरहेको छ, जबकि अन्य क्षेत्रमा यो दर करिब तीन प्रतिशतमात्र रहेको उनले बताए । यदि यही दर कायम रहिरहेमा दीर्घकालमा मानिस र हात्तीबीचको द्वन्द्व झन् गम्भीर बन्ने चेतावनी पनि उनले दिए । यस हप्ता पशु चिकित्सक र वन्यजन्तु अधिकारीहरूले एनेस्थेसिया प्रयोग नगरी डार्ट गनमार्फत खोप लगाएका थिए । संरक्षण विभागका अनुसार यो प्रक्रिया सुरक्षित रूपमा सम्पन्न गरिएको हो ।

थाइल्याण्डमा जंगली हात्तीको संख्या सन् २०१५ मा ३३४ मात्र रहेकोमा गत वर्षसम्म आइपुग्दा करिब ८०० पुगेको छ । सन् २०१२ यता मानव-हात्ती द्वन्द्वका कारण झण्डै २०० जनाको ज्यान गएको छ भने १०० भन्दा बढी हात्तीले पनि ज्यान गुमाएका छन् ।

एसियाली हात्ती थाइल्याण्डको राष्ट्रिय जनावर हो र प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय संघले यसलाई विश्वव्यापी रूपमा खतरामा परेको प्रजातिका रूपमा वर्गीकृत गरेको छ । सुखीले खोप लगाइएका तीनवटै हात्तीमा कुनै पनि संक्रमणको लक्षण नदेखिएको, तिनीहरू स्वस्थ रहेको र सामान्यरूपमा आफ्नो जीवन बिताइरहेको बताए । उनका अनुसार प्रत्येक छ महिनामा रगत परीक्षण गरेर अवस्थाको निगरानी गरिने छ ।

यसअघि दुई वर्षअघि उत्तरी चियाङ माई क्षेत्रमा सातवटा बन्दी हात्तीमा यो खोपको परीक्षण गरिएको थियो । त्यसको सकारात्मक नतिजाका आधारमा अहिले जंगली हात्तीमा प्रयोग सुरु गरिएको उनले स्पष्ट पारे ।

यस वर्षको मे महिनादेखि वर्षायाम सुरु हुनुअघि अन्य क्षेत्रका गोठाला तथा वन आसपास रहेका हात्तीमा थप १५ डोज खोप प्रयोग गर्ने तयारी गरिएको पनि उनले जानकारी दिए । *रासस/एएफपी*


## ३५ दिने हकदावी गर्न आउने सार्वजनिक सूचना

२०७४/१२/१६ मा दर्ता भएको यस **कास्ट होलिडे** प्रा.लि. (**प्रा.लि.नं. १८६६८८/०७४/०७५**) लाई मिति २०८२/१०/१४ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा. २९,काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

## ३५ दिने हकदावी गर्न आउने सार्वजनिक सूचना

२०७४/१२/१६ मा दर्ता भएको यस **भ्वे छें रेष्टुरेन्ट प्रा.लि.** (**प्रा.लि.नं. १८६६८९/०७४/०७५**) लाई मिति २०८२/१०/१४ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा. २९,काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

## मलेसियामा रोजगार

कम्पनी : FIVESTAR ENTERPRISE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331410 | चलानी नं. ६०२४५१८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 10 | 0 | 1700 | ६३,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

## कतारमा रोजगार

कम्पनी : SUBCON GENERAL CONTRACTING W L L

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337900 | चलानी नं. ६०२५१४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 4 | 0 | 1100 | ४४,४०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 5 | 0 | 1000 | ४०,३७० | | | | | | | |
| 3 | Decoration | 4 | 0 | 1100 | ४४,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Career International Services (P.) Ltd.
License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

## युएइमा रोजगार

कम्पनी : MUKUM LUNG BUILDINGS MAINTENANCE AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 337130 | चलानी नं.६०२५०७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 49 | 0 | 1000 | ३९,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १२ गते (26th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१८८०० | प्रति तोला – ० | प्रति तोला – ७३०० |

## सहकारीलाई थप नियमन गर्नुपर्नेमा जोड



**ललितपुर (प्रस)**– भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रा डा. कुमार इङ्नामले नेपाल राष्ट्र बैंकले बैंकहरूलाई नियमन गरेजस्तै राष्ट्रिय सहकारी नियमन प्राधिकरणले पनि सहकारीको नियमन गनुपर्ने आवश्यकता औंल्याएका छन् । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको प्रथम वार्षिकोत्सवको अवसरमा प्राधिकरणले यहाँ आयोजित कार्यक्रममा उनले बैंकहरूको कार्यक्षेत्रजस्तै हुनेगरी सहकारीहरू सञ्चालन हुन थालेपछि सहकारीमा समस्या आएको हो भन्दै राजकीय हैसियतमा भएका व्यक्तिहरूले नागरिकप्रति जिम्मेवार भएर काम गर्नुपर्नेमा जोड दिएका हुन् ।

'अन्धाधुन्ध बचत संकलन गर्न थालेपछि सहकारीमा समस्या आएको हो, वाणिज्य बैंकको अधिकृत पुँजीभन्दा बढी एउटा सहकारीले बचत संकलन गर्दा त्यतिकै छोड्नु हुँदैनथ्यो, तत्कालीन सरकारले ध्यान दिनुपर्थ्यो, अहिले करोडौं बचतकर्ता सडकमा आउनुपर्ने अवस्था हुँदैनथ्यो, तसर्थ राज्यको मातहतमा रहेका सबैको जिम्मेवारी राज्यले लिनुपर्छ, नेपालको अर्थतन्त्र चलायमान बनाउन सहकारीको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ', मन्त्री इङ्नामले भने ।

उनले सहकारीका बचतकर्ता मात्रै हैन ऋणीहरू पनि पीडित हुन पुगेका छन् भन्दै समस्याग्रस्त सहकारीका ऋणीले पैसा तिर्दा पनि रेकर्डमा नभेटिने अवस्था हुनु ठूलो समस्या भएको बताए । 'विगतमा नियमन गर्ने निकाय गैरजिम्मेवार हुँदा सहकारीमा समस्या आएको हो, नियमक निकायको रूपमा प्राधिकरणले अहिले गरेको कामले सानो समूहलाई मात्रै समेटेको छ, २३ वटा समस्याग्रस्त सहकारीको रु ४५ अर्ब दायित्व र रु ३० अर्ब सम्पत्ति रहेको अवस्थामा समस्या समाधानमा जटिल बनेको छ, जुन गतिमा समस्याग्रस्त सहकारीले काम गरेको छ, त्यसले समाधान हुँदैन', उनले भने । उनले सहकारी बिगार्न सहकारीका सञ्चालकभन्दा विगतका राज्यका नियमाक निकाय जिम्मेवार छन् भने ।

'राम्रा सहकारीहरू स्वनियमनका कारण समस्यामा नपरेका पनि होलान्, सहकारी खोलेर पैसा जम्मा गर्ने र कम्पनीमा लगानी गर्ने गैरकानुनी कार्य सहकारीको नियमन गर्ने निकायले नजरअन्दाज गरेर बस्नुहुँदै', उनले भने ।

सहकारी नियमन प्राधिकरणको कार्यक्षमता अभिवृद्धिका लागि राज्यले थप जनशक्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै सहकारीको प्रभावकारी नियमन गर्दै राज्यको अर्थतन्त्रलाई लयमा ल्याउन योगदान दिनुपर्ने राखे ।

पूर्वमन्त्री एवं राष्ट्रिय सहकारी महासंघका पूर्वअध्यक्ष केशव बडालले सहकारी ऐन २०४८ निर्माण भएदेखि नै संविधान निर्माणसम्म आफू सहभागी भएर सहकारी अभियानका लागि काम गरेको बताउँदै अहिले सहकारीका मूल्यमान्यता पालन नगर्ने करिब २०० वटा सहकारी संस्थामा समस्या देखा परेको बताए । उनले राज्य र सहकारी अभियानका बीचमा समन्वय र सहकार्य गराउन प्राधिकरणले सहकारीको मूल्य, मान्यता, दर्शन र सिद्धान्तअनुसार काम गर्नुपर्नेमा जोड दिए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव मदन भुजेलले राष्ट्र बैंकसँगको समन्वयमा क्रियाशील हुने सहकारी नियमन प्राधिकरण सशक्त र सक्षम हुनुपर्छ भन्दै बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरू सचेत हुने वातावरण तयार गर्नुपर्नेमा जोड दिए । उनले सहकारी अभियानको सहयोग र समन्वय बिना प्राधिकरणलाई काम गर्न कठिनाइ हुने धारणा राखे ।

# 'एक वर्षभित्र ग्रे लिस्टबाट बाहिरिन्छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं**– अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषयमा नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को 'ग्रे लिस्ट' बाट जतिसक्दो चाँडो बाहिर निकाल्न सबै क्षेत्र र निकाय जिम्मेवार भएर लाग्नुपर्ने बताए ।

'सम्पत्ति शुद्धीकरण निवारण: पारदर्शिता र वित्तीय सुशासन' भन्ने मूल नारासहित आज आयोजित सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस, २०८२ का अवसरमा बोल्दै अर्थमन्त्री खनालले तोकिएको समयभन्दा अघि नै आवश्यक सबै सुधारका काम सम्पन्न गरी आगामी एक वर्षभित्र नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्नुपर्नेमा जोड दिए । उनले अन्तरराष्ट्रिय समुदायले नेपालमाथि कुनै दबाब दिएर वा बाध्य पारेर यी सुधार कार्य कार्यान्वयन गर्न लागिएको नभई, आफ्नै संस्थालाई भ्रष्टाचारमुक्त, पारदर्शी र सुशासनयुक्त बनाउन तथा अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यका साथ यो प्रक्रिया अघि बढाइएको स्पष्ट पारे ।

सम्पत्ति शुद्धीकरण निवारणका लागि भइरहेका सुधार प्रयासले अतिरिक्त आर्थिक दायित्व वा अनावश्यक लागत सिर्जना नगर्ने पनि अर्थमन्त्री खनालको भनाइ थियो । विदेशी लगानी अपेक्षाअनुसार नआउनुको एक कारण वित्तीय प्रणालीप्रतिको विश्वास कमजोर हुनु रहेको उल्लेख गर्दै उहाँले सुधारमार्फत लगानी वातावरण सुधार गर्नुपर्ने बताए ।

एफएटिएफ र एसिया प्यासिफिक ग्रुपले जनवरी २०२७ सम्ममा सुधार गर्नुपर्ने विभिन्न विषयहरू समेटेर सुझाव दिएको उल्लेख गर्दै अर्थमन्त्री खनालले पछिल्लो एक वर्षमा केही सुधार भएको र अबको एक वर्षभित्र बाँकी सबै सुधारका काम पूरा गर्नुपर्ने आवश्यकता औंल्याए । उनले २०२६ को अन्त्यतिर सबै सुधार कार्य सम्पन्न हुने अपेक्षा व्यक्त गरे ।

सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित मुद्दामा अनुसन्धान, अभियोजन र कारबाही प्रक्रियालाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिँदै अर्थमन्त्री खनालले प्रमाणसहित बलियो मुद्दा तयार गरी तत्काल सम्पत्ति जफत गर्ने व्यवस्था मिलाउनुपर्ने बताए ।

वित्तीय बजार मात्र नभई पुँजीबजारमा समेत पारदर्शीतासम्बन्धी समस्या रहेको आशंका व्यक्त गर्दै उनले यही कारण माघ १ गतेदेखि रु पाँच लाखभन्दा बढीको व्यावसायिक कारोबार बैंकिङ प्रणालीमार्फत मात्र गर्नुपर्ने व्यवस्था लागू गरिएको जानकारी दिए । निजी क्षेत्रबाट यस व्यवस्थाले समस्या सिर्जना गरेको भनिए पनि नगद कारोबारको सीमा नबढाइने अर्थमन्त्री खनालले स्पष्ट पारे ।

कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले नेपालको वित्तीय स्वच्छता र सुशासनका लागि विश्वव्यापी रूपमा देखिएका कानुनी, नीतिगत तथा संस्थागत चुनौतीहरूलाई थप प्रभावकारी ढङ्गले सम्बोधन गर्नुपर्ने बताए । उनले हालको अवस्था चुनौती मात्र नभई आत्मसमीक्षा र थप सुधारका लागि अवसरसमेत भएको उल्लेख गरे । ग्रे लिस्टबाट बाहिर निस्कन २०८३ माघसम्म गर्नुपर्ने कार्ययोजना तय भइसकेको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा सबै निकाय र क्षेत्रले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा उनले जोड दिए ।

महान्यायाधिवक्ता सविता भण्डारीले सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले अन्तरराष्ट्रियस्तरमा स्पष्ट नीतिगत प्रतिबद्धता जनाएको बताउनुहुँदै यस विषयलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित कानुनको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनमा विशेष ध्यान दिइएको जानकारी दिए ।

कार्यक्रममा बोल्दै महान्यायाधिवक्ता भण्डारीले एफएटिएफका मापदण्डअनुसार जोखिममा आधारित अनुगमन तथा नियमन प्रणाली लागू गर्नुपर्नेमा जोड दिए । परम्परागत अनुसन्धान शैली मात्र पर्याप्त नरहेको उल्लेख गर्दै उनले अनुसन्धान र अभियोजन प्रक्रियालाई थप प्रभावकारी, प्रमाणमा आधारित र परिणाममुखी बनाउनुपर्ने आवश्यकता औंल्याए ।

उनले ग्रे लिस्टबाट बाहिर निस्कन महान्यायाधिवक्ताको कार्यालयबाट गर्नुपर्ने भनी तोकिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन भइरहेको जानकारी दिए ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले नेपाल ग्रे लिस्टमा रहेको अवस्थामा अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूले नेपालसँगको कारोबारमा कडाइ गर्नसक्ने चेतावनी दिए । यसले देशभित्र गम्भीर सामाजिक तथा आर्थिक समस्या सिर्जना गर्न सक्ने मात्र नभई अन्तरराष्ट्रियस्तरमा नेपाली नागरिकको यात्रामा कडाइ, रेमिट्यान्स तथा अन्य अन्तरराष्ट्रिय कारोबारको लागत बढ्न सक्ने चुनौती रहेको उनले उल्लेख गरे ।

यसैगरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले सम्पत्ति शुद्धीकरण निवारण कुनै एक निकायको मात्र जिम्मेवारी नभई अर्थतन्त्रसँग जोडिएका सबै निकायको सामूहिक प्रयास आवश्यक पर्ने बताए । उनले अनुसार यस क्षेत्रमा ५० भन्दा बढी सरकारी निकाय र ८० हजारभन्दा बढी सूचक संस्थाहरू संलग्न रहेका छन् ।



अन्तरराष्ट्रिय समुदायले नेपालमाथि कुनै दबाब दिएर वा बाध्य पारेर यी सुधार कार्य कार्यान्वयन गर्न लागिएको नभई, आफ्नै संस्थालाई भ्रष्टाचारमुक्त, पारदर्शी र सुशासनयुक्त बनाउन तथा अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यका साथ यो प्रक्रिया अघि बढाइएको छ ।

■ **रामेश्वरप्रसाद खनाल**
अर्थमन्त्री

## नेप्सेमा सामान्य वृद्धि

**काठमाडौं (प्रस)**– अघिल्लो दुई कारोबार दिन घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक पाँच दशमलव शून्य आठ अंकले बढेर दुई हजार ७३१ दशमलव ५९ को बिन्दुमा कायम भएको हो ।

३३४ कम्पनीको दुई करोड ३६ लाख १८ हजार १८६ कित्ता शेयर एक लाख २१ हजार ९९२ पटक खरिदबिक्री हुँदा रू ११ अर्ब ४९ करोड ३९ लाख ८९ हजार १८५ बराबरको कारोबार भएको छ । बैंकिङ, लगानी, जीवन बिमा, लघुवित्त र निर्जीवन बिमा समूहबाहेक अरु सबै समूहको उपसूचक बढेको छ ।

## कर्पोरेट

### ग्लोबल आइएमईमा किओस्क मेसिनबाटै बैंक खाता खोल्ने सुविधा




**काठमाडौं (प्रस)** – ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकहरूलाई सरल, सहज र अत्याधुनिक बैंकिङ्ग प्रदान गर्ने उद्देश्यले ग्राहक स्वयंले बैंकको शाखा कार्यालयमा रहेको किओस्क मेसिनबाट बैंक खाता खोल्न सक्ने सुविधा सार्वजनिक गरेको छ। बैंकले आफ्नो १९औं वार्षिककोत्सवको अवसर पारेर किओस्क मेसिनबाटै खाता खोल्न सकिने सुविधा ल्याएको हो । बैंकमा खाता खोल्नको लागि ग्राहकहरूले बैंकको काठमाडौंको कमलादीस्थित शाखा कार्यालयमा रहेको किओस्क मेसिनबाटै सहज रूपमा आफ्नो बैंक खाता खोल्न सक्नेछन् ।

यसरी खाता खोल्नेक्रममा सम्पूर्ण विवरणहरू किओस्क मेसिन मार्फत प्रदान गर्नुपर्नेछ । तत्पश्चात्, आवश्यक कागजातहरू प्रविष्ट गरी खाता नम्बर उपलब्ध गराइनेछ । हालका लागि यो सेवा बैंकको कमलादीमा रहेको डिजिटल युनिभर्सबाट मात्र उपलब्ध रहेको छ । यसअघि, बैंकले बैंकको कमलादीस्थित शाखामा रहेको डिजिटल युनिभर्स मार्फत मेसिनबाटै क्यास डिपोजिट र चेक डिपोजिट जस्ता सेवाहरू उपलब्ध गराइरहेको थियो ।

भविष्यमा यस्ता सेवालाई बैंकले अरु स्थानमा पनि विस्तार गर्दै जाने योजना राखेको छ । ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ ।

### ज्योति विकास बैंकका ग्राहकलाई राइनो लज एण्ड होटेलमा विशेष छुट




**काठमाडौं (प्रस)**– ज्योति विकास बैंक लिमिटेडले चितवन सौराहास्थित राइनो लज एण्ड होटेलमा बैंकका ग्राहकहरूलाई विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ ।

यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त होटेल मा २५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । सौराहाको रमणीय प्राकृतिक दृश्य, शान्त वातावरण र उच्चस्तरीय सेवा सुविधाहरूका कारण यस होटलले पर्यटकहरूको मन जित्दै चितवनको विशिष्ट गन्तव्यको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ । यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ । ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल ११८ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

Local Government
**Indrawati Rural Municipality**
**Office of Rural Municipal Executive**
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**Intention to Award**

**Publish Date:- 2082/10/16**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intended to award the contract.

| S. N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price NRS. (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/ W1/NCB/ 082/083-20 | Finishing works at Nawalpur Mavi Bhawan and Thakan Samudayik Bhandar Kotha Nirman Tata Samraksan, Indrawati 4 | M/S Rastra Nirman Ra Suppliers Tatha Sar Safai Pvt. Ltd., Indrawati-7, Sindhupalchowk | 17,89,056.21 |
| 2 | IRMSI/ W1/NCB/ 082/083-21 | Construction of foottrail at Dadagaun Padamaruwa, Patigaun Devithan, Lamatol Mule , Indrawati-4, Sindhupalchowk | M/S Singhamati Construction and Suppliers, Indrawati-3, Sindhupalchowk | 15,87,130.20 |
| 3 | IRMSI/ W/NCB/ 082/083-29 | Construction Works of Jhayadi Guthi Lifting Irrigation & Kalikadevi Liftion Khanepani Project Indrawati-2, Sindhupalchowk | M/S RDR Construction and Suppliers Pvt. Ltd., Indrawati-4, Sindhupalchowk | 18,35,085.10 |
| 4 | IRMSI/ W/NCB/ 082/083-30 | Roadway Works at Majhtol Hospital Bagar Sadak, Neupanetar Bodgaun Sadak & Neupanutar Bagar Sadak Indrawati-11, Sindhupalchowk | M/S Rastra Nirman Ra Suppliers Tatha Sar Safai Pvt. Ltd., Indrawati-7, Sindhupalchowk | 20,30,781.28 |
| 5 | IRMSI/ W/NCB/ 082/083-31 | Construction of Serakhola Irrigation Canal Indrawati-9 & Neupanetar Irrigation Canal Indrawati-11, Sindhupalchowk | M/S Bikash and Bishishta Builders and Suppliers, Melamchi Sindhupalchowk | 13,13,395.84 |
| 6 | IRMSI/ W/NCB/ 082/083-32 | Construction Works Of Simpal Water Supply project Indrawati-1, Sindhupalchowk | M/S Bikash and Bishishta Builders and Suppliers, Melamchi Sindhupalchowk | 19,44,970.64 |

**Chief Administrative Officer**

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ